## अध्याय एक :

## शोध परिचय

### पृष्ठभूमि

'भाषा' शब्दको निर्माण संस्कृतको 'भाष्' धातुबाट भएको हो । 'भाष्' धातुको अर्थ 'बोल्नु' वा 'भन्नु' भन्ने हुन्छ । यसमा स्त्रीत्वबोधक 'टाप्' (आ) प्रत्यय लागेर बनेको भाषा शब्दले बोली भन्ने अर्थ दिएको छ (न्यौपाने, २०६६:१) । भाषा विचार विनिमयको माध्यम हो । साङ्केतिक विचार विनिमयका माध्यमहरू र पशुपक्षीहरूले प्रयोग गर्ने ध्वनि वा आवाजलाई भाषा वैज्ञानिक सन्दर्भमा भाषा भनिँदैन । खासगरी स्वर र व्यञ्जन जस्ता ध्वनिहरू स्पष्ट छुट्याउन सकिने गरी मान्छेका उच्चारण अवयवद्वारा उच्चरित आवाजलाई भाषा भनिन्छ । यसरी व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिएता पनि भाषा वैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित ध्वनिप्रतीकहरूलाई भाषा भन्ने गरिएको छ (न्यौपाने र भण्डारी, २०६०:१) ।

भाषामा शब्दको स्थानज्यादै महत्वपूर्ण हुन्छ । रूप भन्दा ठुलो तथा पदावली भन्दा सानो अर्थपूर्ण भाषिक एकाइ नै शब्द हो (न्यौपानै, २०६६ :३) । एक वा एक भन्दा बढी अर्थपूर्ण एकाइको मेलबाट नै शब्द बन्दछ, जस्तै :किताब, हात, समाज, धर्म आदिलाई स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ र अर्थ पनि पूर्ण छ, त्यसैले यी शब्द हुन् । तर उपसर्ग तथा प्रत्यय आदिको प्रयोग स्वतन्त्र रुपमा प्रयोग हुन नसक्ने र तिनको अर्थ पनि नभएकाले ती शब्द होइनन् (भट्टराई २०६२:१२) ।

### समस्या कथन

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरु सम्बन्धी अध्ययनको समस्याहरू बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा के कस्ता तत्सम शब्दहरू प्रयोग भएका छन् ?

(ख) ती शब्दहरू शब्दवर्ग, बनोट र अर्थका आधारमा कस्ता छन् ?

(ग) तिनको आवृत्तिको अवस्था कस्तो छ ?

### अध्ययनका उद्देश्यहरू

कक्षा आठको नेपाली भाषा पाठ्य पुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूसम्बन्धी अध्ययनको उद्देश्यलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु,

ख) ती शब्दका शब्दवर्ग बनोट र अर्थ पहिल्याउनु,

ग) तिनको आवृत्तिको अवस्था पहिल्याउनु ।

### अध्ययनको औचित्य तथा महत्व

यस शोधकार्यमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा समाविष्ट तत्सम शब्दका व्यवस्थित अध्ययन गरिएको छ । उक्त पाठ्यपुस्तकको कथा विधामा के-कति मात्रामा तत्सम शब्दको प्रयोग गरिएको छ । ती शब्दको निर्माण प्रक्रिया कस्तो रहेको छ, ती शब्दहरु कुन-कुन शब्द वर्गमा रहेका छन्, ती शब्दहरु कति पटक आवृति भएका छन् भन्ने कुरा यो शोधपत्रमा खोजी गरिएको छ । उक्त पाठ्यपुस्तकको कथा विधामा प्रयोग गरिएका तत्सम शब्दको अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । आवश्यकताभन्दा अधिक तत्सम शब्दहरूको प्रयोग कथाका पाठकहरुलाई भावबोधमा कठिनाइ हुने गर्दछ । उक्त पाठ्यपुस्तकको कथा विधामा तत्सम शब्दहरू के कतिमात्रामा कसरी प्रयोग भएका छन्, उक्त प्रयोग स्तर अनुकूल छ वा छैन भन्ने कुराको जानकारी समेत यो शोधकार्यले दिने भएकाले सम्बन्धित तहका विद्यार्थी तथा अध्यापक, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखकहरू, नीतिनिर्माताहरू लगायत अन्य सरोकारवालाहरुलाई सहयोग पुग्ने भएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

### अध्ययनको परिसिमा

प्रस्तुतशोध कक्षा आठको नेपालीभाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययनमा केन्द्रित रहेको छ । यसका परिसिमाहरू निम्नलिखित रहेका छन् :

क) कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको पहिचान,

ख) ती शब्दहरूको वर्ग पहिचान, निर्माण प्रक्रिया, अर्थ तथा आवृत्तिको अवस्था ।

**पारिभाषिक शब्द**

तत्सम :संस्कृतबाट जस्ताको तस्तै नेपाली भाषामा प्रयोग हुन आएका शब्द,

समास : दुई वा सोभन्दा बढी शब्द मिलेर नयाँ शब्द बन्ने प्रकिया,

द्वित्व : एउटै शब्द दोहोरिएर नयाँ शब्द बन्ने प्रकिया,

उपसर्ग : आधार पदको अगाडि जोडिने सर्ग,

प्रत्यय : आधार पदको पछाडि जोडिने सर्ग,

व्युत्पति : शब्दको बनोट वा रचना,

आवृत्ति : शब्द दोहोरिनु ।

**शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसारको रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको संरचना वा विधि

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र सुझाव

सन्दर्भसूची

व्यक्तिवृत्त

# अध्याय दुई :
# पूर्व कार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

## पूर्वकार्यको समीक्षा

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकको प्रस्तुत शोधका पूर्वकार्यहरू निम्नानुसार रहेका छन् : विभिन्न विधामा रहेका तत्सम शब्दहरुको अघिल्ला चरणमा अघिल्ला अनुसन्धानहरुको बारेमा संक्षिप्तचर्चा गरिएको छ । प्रस्तुत शोधसँग सम्बन्धित अनुसन्धान निम्नानुसार रहेका छन् ।

यादव (२०७०) द्वारा **स्नातक तहको प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एमएड दोस्रो वर्षको नेपाशि ५९८ पाठयांशको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरूपको चर्चा गरिएको छ । स्रोतको दृष्टिले शब्दको वर्गीकरण गरी तत्सम शब्दको स्वरुप पहिल्याउनु, पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि जस्ता अध्ययन विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा भएका तत्सम् शब्दको अध्ययन गर्दा सबैभन्दा बढी नाम शब्द वर्णका सवै भन्दा बढि तत्सम शब्द प्रयोग भएको पाइन्छ । उक्त अध्ययनमा स्तर अनुकूल नै तत्सम शब्दको प्रयोग भएको निष्कर्ष निकालिइएको ।

नेम्वाङ्ग (२०७१) द्वारा **कक्षा नौ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तगर्त एमएड दोस्रो वर्षको नेपा.श ५९८ पाठयांशको आंशिक आवश्यकता परिपूर्ति प्रयोजनार्थ शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रको उद्देश्यमा कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु, स्रोतका दृष्टिले शब्दको वर्गीकरण गर्नु, कक्षा नौ को नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण  गर्नुजस्ता उद्देश्य राखिएको

र पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरी पाठ्यपुस्तक विधि, छलफल विधि र विश्लेषण विधिबाट अध्ययन पूरा गरिएको छ ।

उक्त शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कर्तव्य, दोषी चस्मा र न्यायको पक्ष कथामा भएका जम्मा ६२७२ शब्दको अध्ययन गरिएको छ । ती शब्दको उपसर्ग, प्रत्यय र पदवर्गको आधारमा विश्लेषण गरिएको यो शोधपत्रबाट सम्पूर्ण सङ्ख्यामा आवृत सङख्याको विवरण सन्तोषजनक रहेको निष्कर्ष प्राप्त भएको छ ।

बस्नेत (२०७१) द्वारा स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द शिर्षमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एमएड दोस्रो वर्षको नेपाशि ५९८ पाठ्यांशको आशिंक आवश्यकता परिपूर्तिको लागि सोधपत्र तयार पारिएको देखिन्छ । तत्सम शब्दको वर्गीकरण र शब्दको सङ्क्षिप्त परिचय दिनु, स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु, कथा विधामा उपसर्ग र प्रत्ययको विधामा समास र द्वित्व शब्दको निर्माण प्रक्रिया पहिचान गर्नु जस्ता उद्देश्य राखिएको सो शोधपत्रमा मुख्य रुपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा तत्सम शब्दको शब्दवर्ग छुट्याउनुका साथै शब्दको निर्माण प्रकृया, अर्थ तथा पाठ र पृष्ठ सङ्ख्या पनि उल्लेख गरिएको छ । स्नातक तहको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गरिएको यो शोधपत्र स्नातक तहमा अध्ययन गरिएका विद्यार्थी र शिक्षक वर्गका लागि समेत उपयोगी देखिन्छ (बस्नेत, २०७१ : पृ. ५६ ) ।

दाहाल(२०६७) द्वारा **कक्षा एघारको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त शब्दहरूको अध्ययन** शीर्षकमा जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठायांश नेपाशि ५९८ को प्रयोजनको लागि शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा शब्द वर्ग, शब्द निर्माण प्रकिया, शब्दार्थ , पृष्ठसङ्ख्या आदि उल्लेख गरिएको पाइन्छ । उक्त शोधपत्रमा निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको पहिचान गर्नु, स्रोतका आधारमा शब्दको परिचय दिनु, तत्सम शब्दको बनोट प्रक्रिया पत्तालगाउनु जस्ता उद्देश्य राखिएको । अध्ययनमा पाठ्यपुस्तक विधि, छलफल विधि र पुस्तकालयीय विधिको उपयोग गरिएको छ ।

उक्त शोधपत्र कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका निबन्ध मध्ये आइमाई साथी निबन्धमा २१३, भलाद्मी निबन्धमा १२८, म फुल लिएर आउनेछु निबन्धमा ९४, आलु निबन्धमा १२८ तत्सम शब्द रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा कक्षा एघारको स्तर र क्षमता अनुरुप नै तत्सम शब्दको प्रयोग भएको निष्कर्ष निकालिएको छ । शब्दको परिचय, शब्दको वर्गीकरण र तत्सम शब्दहरुको अध्ययनगरिएको यो शोधकार्य तत्सम शब्दको अध्ययनमा महत्वपुर्ण रूपमालिन सकिन्छ ।

भट्टराई (२०६६) द्वारा **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन** शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गतको विश्वविद्यालय क्याम्पस नेपाली शिक्षा विभागबाट स्नातकोत्तर तह दोस्रो वर्षको नेपा शि ५९८ पाठयांशको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनार्थ यो शोधकार्य सम्पन्न भएको पाइन्छ । कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा रहेका तत्सम शब्दहरू पहिल्याउनु, ती शब्दको बनोट प्रक्रिया पत्ता लगाउनु, ती शब्दको पदवर्ग छुट्याउनु, शब्द निमार्ण देखाउनु जस्ता उद्देश्य राखिएको उक्त शोधपत्रमा मुख्य रुपमा पुस्तकालयीय विधिको प्रयोग गरिको छ ।

उक्त शोधपत्र अनुसार कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका ८३३५ शब्द मध्ये अनावृत शब्द सङ्ख्या  १८५० (२२.१९ प्रतिशत) रहेको देखिन्छ । ती शब्दहरुमा उपसर्ग लागेका २० प्रतिशत, प्रत्ययलागेका ३८ प्रतिशत तत्सम शब्द भएको कुरा उल्लेख गरिएको छ । कक्षा पाँचको स्तर अनुसार भाषाको स्तरियता र शब्द भण्डारको विकासका लागि अनावृत तत्सम शब्दलाई ३५ प्रतिशत सम्म बनाउनु पर्ने देखिएता पनि तह अनुसार तत्सम शब्दको प्रयोग भने सन्तोष जनक रहेको निष्कर्ष निकालिएको छ ।

न्यौपाने (२०७८) द्वारा **मुलुक बाहिर उपन्यासमा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एमएड दोस्रो वर्षको नेपा शि ५९८ पाठयाशंको आशिक आवश्यकता परिपूर्तिको लागि शोधपत्र तयार पारिएको देखिन्छ । तत्सम शब्दको वर्गीकरण गर्नु, ती शब्दको सङ्क्षिप्त परिचय दिनु, मुलुक बाहिर उपन्यासको प्रथम र दोस्रो खण्डमा प्रयुक्त तत्सम शब्दहरुको विश्लेषण गर्नु जस्ता उद्देश्यहरु राखिएको सो शोधपत्रमा मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

प्रयोग भएको पाइन्छ । यो शोधपत्रले उक्त उपन्यासमा तत्सम शब्दको प्रयोग स्तर अनुकुल प्रयोग भएको पाइयो । तत्सम शब्दहरु नेपाली भाषाको स्रोत भएकाले यसको प्रयोग अझै बढी समावेश गरिनुपर्ने देखिएता पनि यो शोधपत्रले तत्सम तथा नेपाली भाषाको बारेमा अध्ययन गर्न चाहने संस्था वा व्यक्तिलाई कुनै न कुनै अवस्थामा फाइदा पुग्ने देखिन्छ ।

**पूर्वकार्यको उपयोगिता /कार्यान्वयन**

यस शोधको लेखनका क्रममा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन हालसम्म कसैले नगरेकाले यस शीर्षकमा अनुसन्धान गरिनु आवश्यक रहेको देखिन्छ । यसभन्दा अगाडि शब्दभण्डारका क्षेत्रमा धेरै अनुसन्धान भएका छन् । ती अनुसन्धानहरूमध्ये यादव (२०७०) द्वारा स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन बाट शोधको रुपरेखा निर्माण, बराल (२०७०) द्वारा बि एड प्रथम वर्षको ऐच्छिक नेपालीअन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शोधबाट यस शोधमा तालिकिकरणमा सहयोग पुगेको छ । अधिकारी हेमाङ्गराज बद्री विशाल भट्टराई प्रयोगात्मक नेपाली शब्द कोशबाट तत्सम शब्दको अध्ययनमा सहयोग पुगेको छ । बस्नेत (२०७३) बाट व्याख्या विश्लेषण, नेम्वाङ (२०७४) सैद्धान्तिक र धारणात्मक संरचना निर्माणमा उपयोग गरिएको छ । यसरी माथि उल्लिखित पूर्व कार्यबाट तत्सम शब्दको शब्दवर्ग, शब्दनिर्माण प्रकिया, प्रारूप निर्माण, अनुसन्धानको उद्देश्य निर्धारण गर्न सहयोग पुगेको छ ।

**सैद्धान्तिक र धारणात्मक संरचना**

शब्द भाषाको अर्थपूर्ण एकाई हो । भाषिक प्रयोगमा शब्दको विशिष्ट भूमिका रहन्छ । यसले भाषाको बोध तथा अभिव्यक्ति प्रकृयामा महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । शब्दको अभावमा भाषाको परिकल्पना असम्भव छ । भाषाको अर्थपुर्ण रुपभन्दामाथिल्लो र पदभन्दा तल्लो एकाइ नै शब्द हो ।

संस्कृत भाषाबाट रूप र अर्थमा कुनै परिवर्तन नभई जस्ताको तस्तै (तत् समान) नेपालीमा प्रयोग गरिनु तत्सम हो, जस्तै : प्रज्ञा, ऋषि, अञ्जली दर्शन, विद्वान् । नेपाली भाषाको जननी संस्कृत भाषा भएकाले संस्कृत भाषाको नेपाली भाषामा निकै ठुलो प्रभाव छ । नेपाली प्रयोगमा तत्सम नियमलाई पछयाउदै आइएको पाइन्छ ।

यस अनुसन्धानलाई पूर्ण रूपमा तयार पार्न तत्सम शब्द पहिल्याउने वा जनाउने तपसिलका सिद्धान्तहरूलाई आधार मानिएको छ :

**तत्सम शब्द पहिचान गर्ने आधारहरू**

१. श, ष, ञ, ण, क्ष, त्र, ज्ञ यी सात ओटा वर्ण प्रयोग भएका शब्दहरूमा :- जस्तै कञ्चन, व्यञ्जन, सञ्चय, कृष्ण, कण्ठ, पिण्ड, शिशिर, शोभा, शून्य, वर्षा, त्रिशुल, विज्ञान आदि )

२.शिरविन्दु( ं) लागेका शब्दहरू :जस्तै संयोग, संयम, संरचना, संलग्न, वंश, संवाद, संसार र संहार आदि

३. रेफ ( र्) भन्दा अगाडि दीर्घ आउने शब्द जस्तै तीर्थ, जीर्ण, कीर्ण, दीर्घ,सूर्य, पूर्व,पूर्ण,चूर्ण आदि ।

४.वलेखिएका तर ब उच्चारण हुने शब्द :- वातावरण, वन, विजय, विशाल, विनाश

५. सम्, अभि, अति, उत्, वि, सु, उप, अनु, जस्ता उपसर्ग लागेका शब्द पनि तत्सम शब्द हुन्छन् । जस्तै :-सम्पूर्ण, सम्मान, सङ्कीर्ण, सन्ताप, अभिनय, अतिरञ्जित, उच्चारण, उत्पत्ति, सुकर्म, सुयोग, उपाध्यक्ष, उपभोग, अनुशासन

६.चि, ति, लि, ष्टि, धि आदि उपसर्ग लागेर बनेका व्युत्पन्न शब्द ।

**शब्दवर्गीकरण**

शब्दलाई स्रोत, बनोट वा व्युत्पत्ति, कार्य र रूपायनका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

(क) **स्रोतका आधारमा शब्दको वर्गीकरण**

नेपाली भाषामा विभिन्न स्रोतबाट आएको शब्दहरू प्रशस्त छन् । नेपाली भाषाको शब्द भण्डारलाई हेर्दा यसमा नेपाली भाषाका आफ्नै शब्द लगायत विभिन्न भाषाबाट आएका धेरै शब्दहरू रहेका छन् । यसरी शब्द भण्डारलाई केलाउदा नेपाली भाषाका शब्दलाई मौलिक र आगन्तुक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

(अ) मौलिक शब्द

संस्कृत भाषबाट नेपाली भाषामा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । मौलिक स्रोतमा तत्सम, तद्भव र देशज गरी तीन प्रकारका शब्दकहरु रहेको पाइन्छ ।

- तत्सम शब्दः संस्कृतबाट नेपालीमा जस्ताको तस्तै आएका शब्द तत्सम शब्द हुन् । जस्तै : संस्कृतमा (तत्) को अर्थ त्यो र (सम्) को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा (तत्) समान अर्थात् संस्कृत समान नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहुन् । अरु भाषाबाट रुप नफेरी आफ्नो भाषामा आएका जस्ताको तस्तै चलेका शब्द तत्सम हुन् (ने.वृ.२१.२०४७.५८२) जस्तै :-आकाश, पृथ्वी, पृष्टि, पाठशाला, राजा, प्रजा आदि ।
- तद्भव शब्दः संस्कृतबाट प्राकृत हुँदै नेपाली भाषामा आइ पुग्दा अपभ्रंश भएर वा रूप फेरिएर प्रयोग भएका शब्द तद्भव हुन् । तद्भवको अर्थ त्यसबाट भएको हो भन्ने हो । संस्कृत भाषाबाट विभिन्न चरणहरुमा परिवर्तित र विकासित हुँदै आएका शब्दहरु लाई तद्भव शब्द भनिन्छ ( बराल र एटम,२०६६:२९) जस्तै

| संस्कृत | प्राकृत | नेपाली |
|---|---|---|
| अग्नि | अग्गि | आगो |
| कर्म | कम्भ | काम |

**-देशज शब्दः** नेपाली भाषीहरुले आफै उब्जाएका शब्दहरू चाहिँ देशज हुन् (पौडेल २०६६: ३४), जस्तै :

(आ) **आगन्तुक शब्द**

संस्कृत भन्दा बाहेकका र अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक स्रोतमा भारोपेली परिवार र अभारोपेली परिवारबाट आएका शब्दहरु पर्दछन् । यी दुई प्रकारका छन् ।

- देशज :- आफ्नै देशभित्रकै विभिन्न प्रकारका भाषा तथा भाषिकाबाट नेपालीमा मानक भाषामा आएका शब्दहरु देशज आगन्तुक शब्द हुन् पौडेल , २०६६:३४), जस्तैः- घेवा, ल्ओसार, क्वाँटी, यमरी,

-विदेशजः- नेपालीमा बोलिने अन्य विदेशी भाषाको सम्पर्क र प्रभावबाट आवागमन भएका शब्दहरु आगन्तुक शब्द हुन ( पौडेल, २०६६:३४) जस्तै :- जेल, मोटर, चाउचाउ, कैँची आदि ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । विभिन्न प्रकारका शब्दहरु मध्ये यस शोधपत्रमा तत्सम शब्दको माात्र अध्ययन गरिएको छ । यो शोधपत्र तयार पूर्व कक्षा आठको कथा विधाको तत्सम शब्दको अध्ययन नगरिएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ । यो शोधपत्र कक्षा आठमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षक वा प्रध्यापक वर्गलाई लक्षित गरी लयार पारिएको छ ।

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र संकाय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षाशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपाली ५९८ को प्रयोजनार्थ तयार गरिएको छ ।

# अध्याय तीन :

# अध्ययनको संरचना वा विधि

**अध्ययनको संरचना**

कक्षा आठको नेपालीभाषा पाठ्यपुस्तको कथा विधामा प्रयुक्त तत्सम शब्दको सङख्यात्मक खोज गरेर ती शब्दको शब्दवर्ग, बनोट प्रक्रिया, वर्ग,अर्थ, पाठको शीर्षक, पृष्ठ सङ्ख्या, आवृत्तिका आधारमा विश्लेषण गरिएको छ । तसर्थ यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण  विधि अपनाइएको छ ।

**जनसङ्ख्या र नमुना**

अनुसन्धान कार्य तथ्य प्रमाण वा सामाग्रीमा आधारित अध्ययन हुन्छ । यस शोधपत्रमा जनसङ्ख्या र नमुनाका  रूपमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूलाई चयन गरिएको छ ।

**नमुना छनोट प्रक्रिया**

यस शोधपत्रमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथाविधामा प्रयुक्त तत्सम शब्दहरुलाई जनसङख्याको रूपमालिई पुस्तकालयीय विधि अपनाएर नमुना छनोट गरिएको छ ।

**तथ्याङक सङ्कलनका स्रोतहरू**

**क) प्राथमिक स्रोत**

यस शोधमा प्राथमिक स्रोतकारूपमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकलाई चयन गरिएको छ ।

**ख) द्वितीयक स्रोत**

शोधसम्पन्न गर्नको लागि द्वितीयक स्रोतका रूपमा अप्रकाशित शोधपत्र, पाठ्यपुस्तक, शब्दकोश, शिक्षक सुझाव तथा निर्देशन र इनटरनेटको समेत प्रयोग गरिएको छ ।

**तथ्याङ्क सङ्कलनप्रक्रिया**

यस शोधपत्रमा मुख्यरूपमा पुस्तकालयीय स्रोतबाट तथ्याङ्क सङकलन गरिएको छ । यस शोधपत्रमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरुको सङ्कलन गरिएको छ । अध्ययनमा सङ्कलित तत्सम शब्दहरुको शब्दवर्ग, बनोट, आवृत्तिको अवस्था र अर्थको अध्ययन गरिएको छ । ती तत्सम शब्दहरूको विश्लेषणको निम्ति नेपाली बृहत् शब्दकोश, प्रयोगात्मक नेपाली शब्दकोश, तत्सम नेपाली व्युत्पत्ति शब्दकोष प्रयोग गरिएको छ ।

**तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रिया**

यस शोधपत्रमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू सङ्कलन गरेर नेपाली बृहत् शब्दकोश र अन्य सम्बन्धित पुस्तकहरु बाट तत्सम शब्दहरुको अर्थ निर्माण प्रक्रिया, शब्दवर्गको स्थिति, तत्सम शब्दको अवस्था र आवृत्तिको अवस्थाको अध्ययन र विश्लेषण गरिएको छ । पाठगत आधारमा शब्दको सङ्ख्या वा विवरण र आवृतिको स्थितिलाई तालिकीकरण गरिएको छ ।

# अध्याय / चार
# नतिजा/ परिणाम

## कक्षा आठको नेपाली भाषापाठ्यपुस्तकको सङ्क्षिप्त परिचय

पाठ्यक्रम शिक्षण सिकाइको मुल आधार ओ भने पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समय सापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तर्ता दिँदै आएको छ । आधारभुत शिक्षाले बालबालिकामा आधारभुत साक्षरता, गणितीय अवधारणा र सिप एवम जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाईसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्छ ।

पाठ्यपुस्तकले विद्यार्थीलाई पाठ्यक्रममका आधारमा शिक्षण गर्न सरल र सहज बनाउन । आधारभुत शिक्षाका माध्यमबाट बालबालिकाहरुको प्राकृतिक तथा सामाजिक वातावरण प्रति सचेत भई अनुशासन, स्वावलम्बन र सदाचार जस्ता समाजिक एवम चारित्रित गुणको विकास गराउछ । यस पाठ्यपुस्तकले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभुत ज्ञानको विकास गराउनुका साथै कला सौन्दर्यप्रति रुचि जगाउछ । शारीरिक तथा जातजाति, धर्म, भाषा, संस्कृति क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभुत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मुल्यमान्यता तथा संस्कार सिकी व्यवहारीक जीवनमा प्रयोग गर्नु सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजकता अपनाउनु र दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्याहरुको पहिचान गरी समाधानका उपायहरु खोजी गर्नु पनि आधारभुत तहको शिक्षाका आवश्यक पक्ष हुन । यस नेपाली भाषा पाठ्यपुस्तकमा रहेका विषयवस्तु यसप्रकार रहेका छन् :

| क्र.स | पाठशीर्षक | विधा | पृष्ठसङख्या |
|---|---|---|---|
| १ | सहिदहरुको सम्झनामा | कविता | १ |
| २ | साकार सपना | कविता | ११ |
| ३ | स्वामी प्रपन्नाचार्य | जीवन | २४ |
| ४ | व्यावसायिक चिठी | चिठी | ३६ |

| | | | |
|---|---|---|---|
| ५ | मानव अधिकार | निबन्ध | ४७ |
| ६ | अमर पुत्र | कथा | ५९ |
| ७ | पदमार्ग | संवाद | ७३ |
| ८ | फर्क आफ्नै देश | कविता | ८७ |
| ९ | नेपालको वैदेशिक व्यापार | प्रबन्ध | ९६ |
| १० | हजुरआमाको जन्मोत्सव | मनोवाद | १०९ |
| ११ | एकजोर जुत्ता | कथा | १२० |
| १२ | जुन्को ताबेई | जीवनी | १३३ |
| १३ | प्यारो प्रकृति | कविता | १४६ |
| १४ | शैक्षिक भ्रमण | दैनिकी | १५७ |
| १५ | से गुम्बाको सुन्दरता | यात्रा वर्णन | १६८ |
| १६ | सम्पादकलाई चिठी | चिठी | १८१ |
| १७ | डल्ले खोला | कथा | १९० |
| १८ | सुनाइ पाठ | | २०२ |

**'साकार सपना' कथाको परिचय**

'साकार सपना' कथाका लेखक कथाकार गणेशप्रसाद भट्टराई हुन् । उनले यस कथामा राजा पृथ्वीनारायण शाहले आफ्नो राज्यको एकीकरण कसरी गरे भनेर बयान गरेका छन् । यो एउटा ऐतिहासिक तथा राजनितिक विषयवस्तुमा आधारीत कथा हो । यस कथामा गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्यको सिमाना कसरी बढाए भनेर बताइएको छ । यिनले तेस्रो प्रयासमा कीर्तिपुरमाथि विजय प्राप्त गरेका थिए ।  यिनले कान्तिपुरमा पनि आक्रमण गर्ने योजना बनाएका हुन्छन् यस योजना जयप्रकाश मल्लले थाहा पाएर गोरखाली विरुद्ध आक्रमण गर्ने र अङ्ग्रेजसँग सहयोग माग्ने निर्णय गर्छन् । तर पृथ्वीनारायण शाहले आफ्नो सैनिक ठाँउ-ठाँउमा राखेका हुन्छन् उता अङ्ग्रेजका भरिया बन्दुक र हतियार बोकी वर्षामा जङ्गली किराफट्याङ्ग्राको टोकाइसँग सङघर्ष गर्दै अघि बढिरहेका हुन्छन् । त्यतिवेलै वंशु गुरुङ र वंशराज पाण्डेले, वीरभद्रले अङ्ग्रेजमाथि आक्रमण गर्छन । हिन्दुस्तानी सेना हतियार छाडेर ज्यान जोगाउनतिर लाग्छन् । यता वंशु गुरुङले जाँड खुवाई सिङमा राँको

बालेर जङ्गलमा छाडिदिए । अर्नाले खेद्ने, अरिङगालले चिल्ने र सिस्नाले पोल्ने हुँदा अङ्ग्रेज ऐया र आत्था गर्दै भागे र थप सेना पठाइमागे तर स्थिति बुझेकाले थपसेना पठाएनन् । र वंशु गुरुङलगायत गोरखाली सेना हतियारसहित पृथ्वीनारायण शाहकहाँ पुगे, पृथ्वीनारायण शाहले धाप मारेर प्रशंसा गर्दै भने, "मेरो सपना तिमीहरुले पुरा गऱ्यौ । यसको श्रेय तिमेर्कै हो ।" भनि विजयको प्रतीक रोतो टीका लगाइदिन्छन् । यसरी कथा अन्त्य हुन्छ । 'साकार सपना' कथामा प्रयुक्त तत्सम शब्दको अध्ययन विश्लेषणगरी व्यूत्पति, वर्ग, आवृति र अर्थलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तत्सम शब्दको विश्लेशण**

**साकार सपना** कथामा प्रयुक्त तत्सम शब्दहरुको विश्लेषण

**साकार सपना** कथामा प्रयोग गरिएका तत्सम शब्दहरुलाई ती शब्दको व्यूत्पत्ति, वर्ग र अर्थलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका सङ्ख्या १**

**'साकार सपना' कथामा प्रयुक्त तत्सम शब्द र आवृत्ति**

| क्र.स | शब्द | बनोट वा व्युत्पति | शब्दवर्ग | अर्थ | आवृति | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | पृथ्वीनारायण | पृथ्वी+ नारायण | ना | आधुनिक नेपालको एकीकरण गर्ने राजा : आधुनिक नेपालका प्रथम राजा बडामहाराज | ६ | १२ |
| २ | विजय | वि+जि+अच् | ना | लडाइँमा शत्रुपक्षलाई हराउने काम | २ | १२ |
| ३ | मन्त्री | मन्त्र+इनि | वि | राज्यको कुनै विभागको सञ्चालनको नेतृत्व गर्ने राजनीतिक प्रमुख अधिकारी | २ | १२ |
| ४ | पूर्व | पूर्व+अच् | ना | सूर्य उदाउने दिशा | १ | १२ |
| ५ | आक्रमण | आ+क्रमण | ना | बलपूर्वक सिमाना उल्लङ्घन गरेर अर्काको राज्य वा भूभागमा गरिने हमला; अतिकमण । | ४ | १२ |
| ६ | विरुद्ध | वि+रुध्+क्त | वि | कुनै विचार, मत सिद्धान्त, इच्छा, गुण आदिसँग मेल नखाने : विपरीत । | १ | १३ |
| ७ | निर्णय | निर्+नी+अच् | ना | पक्ष र विपक्षका जिकिरलाई प्रमाणका आधारमा छानबिन गरी सत्यको पक्षमा गरिएको टुङ्गो, फैसला । | | १३ |
| ८ | आशय | आ+शी+अच् | ना | मतलव, तात्पर्य । | २ | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | भाव | भु+घञ् | ना | कुनै वस्तु वा विषयका अस्तित्वमा आउने, रहने वा प्रस्तुत हुने स्थिति वा तत्वः विचार । | | १३ |
| १० | शक्ति | शक्+क्तिन | ना | गरेको उपकार देख्ने : गुण मान्ने । | | १३ |
| ११ | कृतज्ञ | कृ+तज्ञ् | वि | गरेको उपकार देख्ने ; गुण मान्ने । | | १३ |
| १२ | व्यापार | वि+आ+पृ+ घञ् | ना | लाभका निम्ति कुनै वस्तु वा सामान खरिद गरेर वा उत्पादन गरेर बिक्री गर्ने कामः किन्ने, बेच्ने काम । | १ | १३ |
| १३ | वेला | वेल्+अङ् | ना | समय, काल, बेला । | ६ | १३ |
| १४ | वर्षा | वर्ष+अच् | ना | छ ऋतुमध्ये साउन र भदौ हुने एक ऋतु : बर्सात । | ३ | |
| १५ | आदेश | आ+दिश्+घ ञ् | ना | कुनै काम कारबाहीका बारेमा उच्च अधिकारीबाट दिइने निकासा वा निर्णयसम्बन्धि आज्ञाः अह्रोट । | | १४ |
| १६ | प्रशंसा | प्र+शंस्+अ | ना | असल गुणहरुको आधारमा बढाई चढाई वा यर्थाथ रुपमा गरिएको कसैको बखान : सह्रनी, सराहनाः तारिफ । | | १६ |
| १७ | विश्वास | वि+श्वास् | ना | कुने काम, कुरो, व्यक्ति, मत, नीति आदि प्रति हुने सत्यताको धारणाः दृढ आस्था : पत्यार । | | १४ |
| १८ | बिस्तार | वि+चर्+घ ञ् | ना | विस्तृत रुपमा दिइएको विवरण । | | १४ |
| १९ | विचार | वि+चर्+घ ञ् | ना | कुनै समस्या, विषय वा स्थितिबारे गहिरिएर सोच्ने काम; मनमनै गरिने चिन्तन : मनन । | | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | मित्र | मिद्+क्त्र | ना | साथी, सखा, सँगी, दौतरी : सँगाती | | १५ |
| २१ | क्षण | क्षण्+अच् | ना | बलः तागत । | १ | १३ |
| २२ | प्रयास | प्र+यस्+घञ् | ना | १. आफुले चाहेको कुरो हासिल गर्न गरिने कार्य; प्रयास; कोसिस; जमर्को । २. परिश्रम । ३. उद्योग; उन्नति । | | १२ |
| २३ | मल्ल | मल्ल्+अच् | वि/ना | १. नेपालको पर्वत जिल्लाको मल्लाजका क्षत्रिय ।<br>२. नेपालको मध्यकालीन इतिहासमा प्रसिद्ध शासक वर्ग ३. द्वन्द्वयुद्धमा पोख्त व्यक्ति; पहलमान ।<br>४. पहाडी मुलका छेत्री, ठकुरी, नेवार जातिको एक थर । | १२ | १२ |
| २४ | ललितपुर | मुल शब्द | ना | १. काठमाण्डौं उपत्यकाभित्रको एक जिल्ला; बागमती प्रदेशमा पर्ने एक जिल्ला । २. पाटन सहर । ३. ललतिपुर जिल्लामा रहेको एक महानगरपालिका । | | १२ |
| २५ | योजना | युज्+युच् | ना | १. कुनै पनि कार्य व्यवस्थित रुपमा सञ्तालित गर्नका निम्ति पहिले नै निर्धारित गरिने कार्यक्रम वा रुपरेखा; कार्यको उद्देश्य निर्धारन र सो सिद्ध गर्न चाहिने साधन, उपाय, व्यवस्था आदिको पूर्वनिश्चित तयारी । २. जुनसुकै कार्यको व्यवस्था मिलाउने वा | १ | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आयोजना गर्ने काम; समायोजना । ३. कार्यक्रम । ४. व्यवस्था; प्रबन्ध । ५. प्रयोग; व्यवहार । ६. जोड्ने काम; जोडाइ; मिलान । | | |
| २६ | सहयोग | मुल शब्द | ना | १. परस्परमा एकअर्कामा गरिने मदत; पारस्परिक सहायता । २. परस्पर मद्दतका साथ गरिने काम । | ९ | १२ |
| २७ | धर्म | धृ+मन्(म) | ना | १. व्यक्ति वा वस्तुमा सधैँ रहने गुण वा मूल वृत्ति; प्रकृति; स्वाभाव । २. स्वाभाविक गुण; सहज वृत्ति । ३. स्वर्ग प्राप्त गर्न सकिने लोकविश्वास भएको पुण्यकार्य; पुण्यकर्म । ४. कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार; लोकको हित वा व्यवस्थाका लागि अँगालिने कर्म वा कर्तव्य (उदा. मानवधर्म, नारीधर्म, युगधर्म इ.) । ५. कुनै महापुरुषले चलाएको मत; सम्प्रदाय ६. उपकार । | | १२ |
| २८ | नेपाल | पाल्+अच्+ घञ् (अ) पाल । | ना | १. विश्वमानचित्रमा एसिया महादेशको एक भागमा रहेको, सर्वोच्च हिमशिखर सगरमाथा भएको, उत्तरमा चीनको तिब्बत र दक्षिणमा भारत, पूर्वमा मेची र पश्चिममा महाकालीसम्म फैलिएको एक सार्वभौमसत्ता सम्पन्न राष्ट्र । २. पहाडी मूलका ब्राहमण वा क्षेत्री जातिको एक थर | ६ | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | । स्त्री ब्राहमण वा क्षेत्री जातिको एक थर । स्त्री. नेपाल्नी । | | |
| २९ | सैनिक | सेना+ठक् (इक) | ना | १. सेनामा भर्ना भएको व्यक्ति; पल्टनिया जवान; सिपाही । २. योद्धा । वि. सेनासम्बन्धी; फौजसम्बन्धी । | ५ | १३ |
| ३० | सुर | सु+रा+क (अ) | ना | १. देवता । २. सूर्य । ३. ऋषि वा भुनि । | | १३ |
| ३१ | उपत्यका | उप+त्यकन् +टाप् | ना | पहाडका फेदीको समथर जमिन; बेसी | | |
| ३२ | भौगोलिक | भुगोल+ठक् (इक) | वि | भूगोलसँग सम्बन्धित; भूगोलको । | | |
| ३३ | स्थिति | स्था+क्तिन् | ना | १. स्थिर रहने काम; स्थायी रहने काम । २. थातथलो; बसोबास । ३. चालचलन; रीतिस्थिति; अवस्था । ४. चाँजोपाँजो; बन्दोबस्त । ५. प्राकृतिक वा मानवीय अवस्था; अवस्थिति; परिवेश । | १ | १४ |
| ३४ | उपाध्याय | उप+अधि+ इ+घञ् | ना | १. वेदवेदाङ्ग पढाउने गुरु । २. शिक्षण वा अध्यापन कार्य गर्ने व्यक्ति । ३. उत्तम ब्राहमण जाति बुझाउँदा प्रयोग हुने शब्द; ब्राहमणको एक थर । | | १४ |
| ३५ | चलन | चल्+चुच्+ ल्युट् | ना | १. रीति; परमपरा; प्रथा । २. गति; चाल । वि. गतिशील; कम्पायमान; काम्ने; हल्ने । | १ | १५ |
| ३६ | प्रतीक | प्रती+इक, | ना | १. समान गुणका आधारमा दृश्य | | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पुनः दीर्घ | | वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रुपमा राखिएको वस्तु वा चिनो । २. कुनै वस्तुको भावनात्मकता वा प्रातिनिधित्वका रुपमा लिइने अर्को कुनै पदार्थ । र चिह्न; लक्षण; निसाना । ४. चित्र; मूर्ति; प्रतिमूर्ति; प्रतिमा । ५. कुनै एउटा मन्त्र, श्लोक, वाक्य आदिको पूरा अर्थबोध गराउन राखिएको कुनै अर्को पद, अक्षर आदि । वि. प्रतिकूल; विरुद्ध । | | |
| ३७ | जय | जि+अच् | ना | १.परिश्रम, अभियान वा तपस्याको सफल परिणाम; विजय; सफलता। २. कल्यान; मङ्गल । ३. इन्द्रियको स्थितिमाथि नियन्त्रण; निग्रह । ४. साठी संवत्सरमध्ये एक । ५. बैकुण्ठका चार द्वारमध्ये पुर्वद्वारमा रहने दुई द्वारपाल जय र विजयमध्ये जयचाहिँ । विबो वितेको खुसीमा मुखबाट सामूहिक रुपले निस्किने हर्षको ध्वनि । | ११ | १६ |

गणेशप्रसाद भट्टराईद्वारा लिखित 'साकार सपना' कथामा जम्मा १०४४ ओटा शब्दहरु रहेको पाइन्छ । जसमध्ये ३७ ओटा तत्सम शब्दहरु प्रयोग भएको देखिन्छ । जसमा सबै भन्दा धेरै बेला 'पत्र' शब्द ६ पटक आवृत्ति भएको देखिन्छ । भने मन्त्रि, भाव आदि २३ शब्दहरु सबै भन्दा कम १ पटक मात्र प्रयोग भएको पाइन्छ । प्रतिशतका हिसाबले यस कथामा ३.५४% तत्सम शब्दको प्रयोग भएको पाइन्छ ।

**अमर पुत्र कथाको परिचय**

कथाकार भीमनिधि तिवारीद्धारा रचना गरिएको 'अमर पुत्र' कथा एउटा सामाजिक तथा मानसिक मनोवृतिले ओतप्रोत भएको कथा हो । यस कथाका मूख्य पात्र भाजुलाल छोराको मूत्युको अशहय पिडा, बुढी जहान र भर्खरकी बुहारीलाई लिएर हृदयमा पिर, चिन्ता र तापको बोक बाँचिरहेका एक शिल्पकार हून । उनलाई छोरो गएको भन्दा आफनो शिल्पकारी लोप हूने कूराको चिन्ता हून्छ ।

एकदिन झ्यालबाट एक बोलाहटको आबाज आउछ । बार्दलीमा उभिएर को हो ? ए माथि आउनोस् भन्छन । वेशभूषा र तिलक लगाएका वैष्ण्व भक्त हुन्छन् । उनले घुँगुरिएका रौँ मयूर, मूकुत, बाहूमा बाजू लामो वनमाला, हातमा मूरली लिएर मोहनी अवतारमा उभिएका श्रीकृष्णको मूर्ति जतिसकदो चाँडो बनाइमागे । र बैना १० दिएर म कहिले लिन आऊँ भन्छन् र जान्छन् । केही दिनपछि मूर्ति तयार हुन्छ । जति हेरेपनि उनका आँखा अघाएनन् केहि दिनमा भक्त आएर सोध्छन् कति साकियो उनले १५ दिनपछि आउनुसन भनि पठाइदिन्छन । र १५ दिनपछि उक्त भक्त आशापूर्ण हृदयले शिल्पकारको कोठामा आई श्रीकृष्नको मूर्तिलाई सानो खाटियामाथि अडयाएर राखेको देख्नासाथ लोभिएर आफनो हातमा लिई मनोहर भई अब कति दिनूपयो मैले भन्छन र मूर्तिलिई ढोगेर त्यही खटिया माथि राख्छन् । र दूबैले हेरेको हेरै गर्छन । र भकतले फेरि सोध्छन कति लिनेहो ? अनि भाजुलाल जीर्ण स्वरमा भन्छन यो मूर्ति तपाईलाई होइन । कति चाहिन्छ भन्नूस म पैसा दिन तयार छु भन्छन् भक्त तर उनी १० दिनपछि आउनुस भन्छन् । भक्त चाहि आफनो अडरमा बनाइएको मूर्ति नपाउदा बैना फिर्ता माग्छन । उनले पनि आफु सँग भएको साढे पाँच रुपियाँ झिक्छन र नपूग स्वास्नी र बूहारीसित मागेर दिन्छन् । त्यसपछि बुढीले के खर्च गर्ने अब ? चामल छैन भनि करकरगर्न लाग्छन् । स्वास्नी र बुहारीको करकरले भाजूलालको दुबै कानका जाली नै फुट्लान जस्ता भए । र त्यो मूर्ति नदिनका कारण बताए । श्रीकृष्नको मुकूट लाएर हातमा मूरली लिएको शङ्खमूलको चितामा खरानी पारिसकेको छोरो हेर गडेर मुसुमुसु हाँसेर कुरा गर्ला जस्तो गरेर उभिएको छ । कारण सुनिसक्दा दुबै सामू बुहारी मूर्तिलाई आफनो छातीमा टाँसेर वेदनापूर्ण पुकारमा रुन थाल्छन । दुबैका आखामा आसुका बलिन्द्र धारा वग्न थाल्छ । दुबैबाट संयुक्त रुपमा बेच्नुहुँदैन, यो मूर्ति भन्न थाल्छन ।

यस प्रकार भाजूलालका प्राण प्यारो छोरा जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि चिप्लो, टल्कने असल पत्थरको आकर्षक मूर्तिका रुपमा कृष्णवतार छोरो कालान्तर सम्म संसारमा भाजूलालको अमर पुत्र भएर रहन्छन् ।

**तत्सम शब्दको विश्लेषण**

**अमर पुत्र कथामा प्रयुक्त तत्सम शब्दहरुको विश्लेषण**

'अमर पुत्र' कथामा प्रयोग गरिएका तत्सम शब्दहरुलाई ती शब्दको व्युत्पत्ति, वर्ग र अर्थलाई निम्मानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. २ अमर पुत्र कथामा प्रयुक्त तत्सम शब्दहरु**

| क. स | शब्द | व्युत्पति | शब्द वर्ग | अर्थ | आवृ ति | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | सर्वनाश | सर्व+न+ आश | ना | भएभरका व्यक्ति वा वस्तुको नाश; सखाप; बरबादी : सत्यनास । | १ | ६० |
| २ | शरीरम | | ना | हाड ; मासु ; रगत आदिले युक्त प्राणीका सम्पुर्ण अङगको समुह ; देह, तन; जिउ ; काय । | | ६० |
| ३ | मात्रम | मुल | ना | केवलः खालि; एकलै : मात्रै : मौत । | | ६० |
| ४ | प्रश्वास | प्र+श्वस्+ घञ् | ना | नाक; मुख; आदिबाट सास वाहिर निस्कने काम : निःश्वास; सास फेराई । | १ | ६१ |
| ५ | शिल्पकार | शिल्प+कृ+ अण् | ना | शिल्प सम्बन्धी वा हस्तकलाको काम गर्ने कालिगङ : शिल्पी । | ५ | ६१ |
| ६ | विरह | विर+रह्+ अच् | ना | अलग्गिने वा छुटिने काम, विछोड वियोग । | १ | ६१ |
| ७ | वेदना | विद्+णिचि | ना | चोट लाग्दा वा कुनै दुःखदायी घटना घट्दा हुने शारीरिक वा मानसिक कष्ट । | २ | ६१ |
| ८ | अतिसय | अति+शी+ अच् | ना | ज्यादै : अत्यन्त ।<br>कुनै कुराको उत्तरोत्तर सम्भावना वा असम्भावना देखाउने एक लक्षन । | १ | ६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | दृष्टि | दृश्+क्तिन् | ना | हेरेर जानिने बुझिने भाव, वृत्ति वा शक्ति हेर्ने कामः हेराइः अवलोकन । | १ | ६१ |
| १० | कीटाणु | | ना | रोग उत्पन्न गर्ने सुक्ष्मदर्शी सजीव वस्तु । | १ | ६१ |
| ११ | वेशभुषा | वेश+भूषा | ना | १.शरीरमा पहिरिएको बस्तु, आभुषण आदि, लवाइ तथा शारीरिक शृङ्गार २. लुगाफाटो आदी लगाउने तरिका, पहिरण । | १ | ६१ |
| १२ | वैष्णव | विष्णु+अण् | ना | आफ्नो आराध्य देवताका रुपमा विष्णुको उपासना गर्ने व्यक्तिः विष्णु भगवानका भक्त । | १ | ६१ |
| १३ | मयुर | मि+ऊर | ना | १ मुजुर । २.एकफूल । ३ सूर्यशतक का रचयिता एक कवि । ४. पुराण अनुसार सुमेरु पर्वतभित्रको एक पर्वत । | १ | ६१ |
| १४ | वनमाला | मूल शब्द | ना | १. जङ्गली फूल वा फुलपातहरु उनेर बनाएको माला ।<br>२. तुलसि, कुन्द, मन्दार, पारिजात र कमल यी पाँचथरी फुल उनेर गाँसिएको माला । | १ | ६१ |
| १५ | अवतार | अव+तृ+घञ् | ना | १. जन्म लिने वा शरीर धारणा गर्ने काम<br>२. देवताहरुले मनुष्य वा अरु प्राणीहरुको शरीरमा जन्म लिने क्रियाः पुराण अनुसार विष्णु भगवानका चौबिस अवतार । | १ | ६१ |
| १६ | कृष्ण | कृष्+नक् | ना | विष्णुका दश अवतनार मध्ये आठौँ अवतार लिएर वसुदेव र देवकीका पुत्र भई गोकुलमा जन्मेका द्वापर युगका प्रसिद्ध महापुरुष । व्यास र अर्जुनको उपनाम । | ७ | ६१ |
| १७ | मस्तिष्क | मूल शब्द | ना | १. खोपडिः गिदीः दिमागः मगज । २ बुद्धि : प्रतिभाः विचार शक्ति | | |
| १८ | वाणी | वाण्+इञ् | ना | १. मुखबाट निस्कने सार्थक शब्दसमूह वा वाक्यः बोलीः भाषा । २ विधाकी देवीः | ३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सरस्वती । | | |
| १९ | पशुपति | मूल शब्द | ना | विश्वका प्रशिद्ध शैवपीठमध्ये एक मानिने, काठमाडौंस्थित तीर्थस्थल वा एक शिवमन्दिर । | १ | ६२ |
| २० | रामायण | राम+अयन | ना | रामको चरित्र तथा कीर्ति वर्णन भएको सस्कृतमा वाल्मीकिमुनी, हिन्दीमा सन्त तुलसीदास र नेपालीमा कवि भानुभक्तद्वारा रचित प्रासिद्ध काव्यग्रन्थ । | १ | ६२ |
| २१ | भक्त | भज्+क्त | वि | सेवा गर्ने मान्छे ; सेवक; भक्त । | १९ | ६१ |
| २२ | शान्त | शम्+क्त | वि | रिस; राग; दोष; दुःख आदि मनोविकार नभएको: सौम्य: शान्तियुक्त ; सुशील र विनम्र । | २ | ६२ |
| २३ | निष्पाप | निस्+पाप | वि | १. अधर्म नभएको पाप नभएको कुकृत्य नगर्ने ।<br>२. कुनै आरोप वा कलङ्क नलागेको, निष्कलङ्क । | १ | ६२ |
| २४ | इश्वर | ईश्+वरच् | ना | १. सम्पूर्ण विश्वब्रह्माण्ड वा सृष्टिलाई बनाउने, विगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परम पुरुष वा परमात्माका रुपमा पुजिने सर्वप्रधान सत्ता, भगवान, परमेश्वर । | १ | ६२ |
| २५ | करुण | कृ+उनन् | ना | कसैप्रति उपकारका निम्ति दर्साइने दयाको भाव: करुणा: दया । | २ | ६२ |
| २६ | नाश | नश्+घञ् | ना | भइरहेको वा देखिएको कुनै वस्तु नहुने वा नदेखिने स्थिति : अस्तित्वविहीन बन्ने अवस्था, विनाश, सत्यनाश, विध्वंस, बरबादी । | १ | ६२ |
| २७ | वेला | वेल्+अच् | ना | समय,काल, बखत, बेला ।२ संयोग, | २ | ६३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सन्जोग, मौका, अवसर । ३ समयको मान : घडी, पला आदि । | | |
| २८ | आवश्यक | अव+श्यै+ डमु | वि | खाँचो परेका : चाहिएको, जरुरी (उदा. आवश्यक कार्य) । | १ | ६३ |
| २९ | आश्चर्य | आ+चर्+यत | वि | नयाँ र अद्भुत वस्तु वा दृश्य देख्दा मनमा उठ्ने भाव, आसर्जे, उदेक । | २ | ६३ |
| ३० | विश्वविख्यात | मुल शब्द | वि | संसारमै नाउँ चलेको, विश्वप्रसिद्ध | १ | |
| ३१ | व्यथा | व्यथ+अङ्+ टाप् | ना | १. मानसिक वा शारीरीक रुपमा हुने पीडा; कष्ट; पिर; चिन्ता २. बिमारी; बिसन्चो । | २ | ६० |
| ३२ | विचार | वि+चर्+घञ् | ना | १.कुनै समस्या विषय वा स्थिती बारे गहिरिएर सोच्ने काम, मनमनै गरिने चिन्तन्, मनन । | १ | ६३ |
| ३३ | नव | नु/नू+अच्/ अप् | वि | नयाँ, नौलो, नूतन । ना. आठ र एकको योगसङ्ख्या, नौ । | | ६३ |
| ३४ | पुर्ण | पृ+क्त | वि | पुरा, सिङगो । ना. ब्रहम । | १ | |
| ३५ | उत्सुक | उत्+सु+विच् | वि | १. कुनै काम गर्न अत्यन्त इच्छुक, उत्कृ..... २. प्रबल अभिलाषा भएको , केहि गर्ने चाहनाले अधीर । | १ | |
| ३६ | शान्त | शम्+क्त | वि | १. रिस, राग, देष, दुःख आदि मनोविकार नभएको, सौम्यङ विनम्र । २. गति वा वेग नभएको, निश्चल । | | ६४ |
| ३७ | आशा | आ+अश्+ अच् | ना | १. चाहेको वस्तु पाउने इच्छा, अभिलाषा, चाहना । २. लोभ : लालच । | १ | ६४ |
| ३८ | पुर्ण | पृ+क्त | वि | पुरा : सिङगो । ना. ब्रहम । | १ | ६४ |
| ३९ | भावुक | भ्+उकञ् | वि | १. मनमा कोमल भाव सहजसित सञ्चार | १ | ६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | हुने, सुकुमार हृदय भएको, कोमल चित्तको २. असल भावना लिने । | | |
| ४० | जीर्ण | जृ+क्त | वि | १. थोत्रिएको, माक्किएको, गलेको, पुरानो, थोत्रो , २. पचेको । | | |
| ४१ | क्षोभ | क्षुभ्+घञ् | ना | १.आपत्तिजनक व्यवहार देखेर कसैप्रति मनमा उठ्ने व्याकुलता सहितको रिस वा क्रोध<br>२. मनमा हलचल, असन्तोष । ३. डर, कम्पन्न । | | |
| ४२ | आवेश | आ+विश्+ घञ् | ना | १. कुनै बाह्य प्रभावबाट मनमा आउने प्रतिक्रिया : मनको प्रबल वेगः भोकः जोस । २ प्रवेश : पस्ने काम । | | ६५ |
| ४३ | क्षीण | क्षि+क्त | वि | | | |
| ४४ | प्राण | प्र+अन्+घञ् /अच् | ना | १. शरीरभित्र रहेको जीवनको मुलवायु, शरीरको पञ्चप्राणवायु (प्राण, अपान, व्यान, समान र उदान) । २ हावा : वायु) | १ | |
| ४५ | सम्पूर्ण | सम्+पृ+क्त | वि | १. एकदमै भरिएको, पूर्ण रुपमा भरिएको, भरिपूर्ण ।<br>२. भएजति जम्मै, पुरा, सबै : समा । | १ | ६६ |
| ४६ | भाव | भु+ घञ् | ना | कुनै वस्तु वा विषयका अस्तित्वमा आउने, रहने वा प्रस्तुत हुने स्थिति वा तत्व, अस्तित्व । | १ | |
| ४७ | स्वर्ग | सु+अर्ज्+घञ् | ना | मृत्युपछि पुण्यात्मा र सत्कर्मीहरु सुख भोग्न जान्छन् भनी पुराण, स्मृति आदिले भनेको लोक देवलोक । अमरावति, इन्द्रपुरी | १ | ६६ |
| ४८ | वेदना | विद्+णिचि वेदन+टाप् | ना | १ चोट लाग्दा वा कुनै दुःखदायी घटना घट्दा हुने शारीरिक वा मानसिक कष्ट २. पीडाको तीव्र अनुभूति । | २ | ६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | विलाप | वि+लप्+घञ | ना | वियोग, मृत्यु आदिमा हार्दिक दु:ख प्रकट गर्ने रुने काम । बिलौना । | १ | |
| ५० | संयुक्त | सम्+यु+क्त | वि | संयुक्त, मिलेको, जोडिएको । | १ | |
| ५१ | मानव | मनु+अण् | ना | १. मनुका सन्तति, मनुष्य । स्त्री मानवी । २. मनुसँग सम्बन्धित, मनुको वंशमा उत्पन्न भएको : मनुसम्बन्धी । | १ | ६६ |
| ५२ | देह | दिह्+घञ् | ना | १. मानिस वा अन्य प्राणीको जिउ, आङ, शरीर २. जीवन , जिन्दगी । | १ | ६६ |
| ५३ | आकर्षक | आ+कृष+ ण्वुल् | वि | १. आकर्षण गर्ने वा खिच्ने, तान्ने । २ प्रभावित वा मोहित गरेर आफुतिर तान्ने । | १ | ६६ |
| ५४ | अवतार | अव+तृ+घञ् | ना | १. जन्म लिने वा शरीर धारण गर्ने काम । २. देवताहरुले मनुष्य वा अरु प्राणीहरुको शरीरमा जन्म लिने क्रिया । | १ | ६६ |
| ५५ | संसार | सम्+सृ+घञ् | ना | १. मान्छेले देख्ने, भोग्ने र अनुभव गर्ने सम्पूर्ण भौतिक तथा चराचर जगत; विश्व; भुवन । २. प्राणीजगत; जीवलोक । | १ | ६६ |
| ५६ | पुत्र | पू+क्त्र | ना | छोरा | | ६६ |
| ५७ | अमर | न+मृ+अच् | वि | कहिल्यै नमर्ने, साधैं बाच्ने । ना १. देवता । २. पारो । ३. सुवर्ण: सुन । | | ६६ |
| ५८ | चिन्ता | चिन्त्+अ+ टाप् (आ) | ना | १. शोक; पिर; सुर्ता; फिक्री । २. परबाह; ध्याउन्ना; दिकदारी । ३. चिन्ता : विचार । ४. धामीले रोग वा दोष छुट्याउन ढयाङ्ग्रो ठटाएर गर्ने क्रियाकलाप : धमेली । ५. साहित्यशास्त्र अनुसार एक सञ्चारी भाव । ६. समस्याले मनलाई सताएको | १ | ६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थिति । | | |
| ५९ | तिलक | तिल्+क(अ) | ना | १. होम गर्दा डढेको चरुको कालो टिको । २. निधार, छाती र पाखुरामा लगाइने चन्दन, केसर आदिको चिह्न । ३. वैवाहिक सम्बन्ध बाँध्दा दुलही पक्षबाट दुलाहालाई दिइने रीतभातअनुसारको द्रव्य । ४. राज्यभिषेकको कर्म । ५. चन्दन : टिको । | | ६१ |
| ६० | अभिमान | अभि+मन्+घञ् (अ) | ना | १. आफ्नो मान, प्रतिष्ठा, सत्ता आदिको उच्चताको बोध । २. मान, प्रतिष्ठा, योग्यता आदिका सम्बन्धमा मनमा हुने प्रायः अनुचित धारण; घमण्ड; अहङ्कार । ३. आत्मश्लाया; आत्मप्रशंसा । | | ६२ |
| ६१ | उत्सुक्ता | उत्सुक+तल् (त)+टाप आ | ना | उत्सुक हुनुको अवस्था; उत्कण्ठा; सकसकी । | | ६३ |
| ६२ | शरीर | मूलशब्द | ना | १. हाड, मासु, रगत आदिले युक्त प्राणीका सम्पूर्ण अङ्कको समुह; देह; तन; जिउ; काय । २. कुनै पनि वस्तुका सबै अङ्गले युक्त पार्थिवरुप । | | ६० |
| ६३ | लोप | लुप्+घञ्(अ) | ना | १. हराउने वा नदेखिने स्थिति; अलप; गायब; गुम । २. नासिने काम; कमी; क्षय । ३. व्याकरणका अनुसार शब्दका कुनै अक्षरको अल्पाइ; वर्णलोप । | ६१ | |
| ६४ | एकान्त | एक+अन्त | वि | कोही नभएको; मानिस हत्तपत्त नपुग्ने(ठाउँ) सुनसान; एकलास । ना गोप्य वार्ता । | | ६१ |
| ६५ | काल | कल्+णिचि+अच् | ना | १. वर्ष, महिना, वार, दिन, रात घडी, आदिका रूपमा गणना हुने दुई घटना वा कार्यका बिचको समय; बेला; बखत टाइम । | | ६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | २. निश्चित अवधि वा सूचक मान ( उदयकाल, प्रातःकाल, सायङकाल इ.) । ३. मृत्युका देवता; यम । ४. मृत्यु; मरण; नियति । ५. शनिग्रह । ६. व्याकरणमा कार्य वा अवस्थाका समयलाई बोध गराउने कियाको रुप (भुत, वर्तमान र भविष्यत्) । वि. कालो रङको; कृष्ण वर्णको । | | |
| ६६ | आगन्तुक | आ+गम्+तुन् (तु) | वि | १. कतैबाट आएको; अचानक आएको ( व्यक्ति) । २. एक भाषाबाट अर्को भाषामा आएको (शब्द आदि) । ना. अतिथि; पाहुना । | | ६१ |
| ६७ | मोहनी | मुह्+णिचि+ ल्युट्(अन), | ना | १. अरुलाई आफ्नो वशमा पार्ने वा लट्ठ्याउने तान्त्रिक मन्त्र वा विद्या; वशीकरण विद्या; टुना; मुहुनी । २. विष्णुका चौबिस अवतारमध्ये एक । ३. मोहित पार्ने शक्ति, माया । | | ६१ |
| ६८ | चित्र | चित्र्+अच् पदादि)/अप् (अ) | ना | १. तस्बिर; फोटो; चित्रपट ; प्रतिमा ; छवि । २. चम्किने गहना । ३. असाधारण छवि; तेजिलो वस्तु । ४. आश्चर्य ५. एक प्रकारको कुष्ठ रोग । | | ६१ |
| ६९ | मूर्ति | मर्च्छ+क्रिच् (ति) | ना | १. प्राणीको शरीर; जिउ । २. कल्पित वा परम्परामान्य आकार अनुरुप स्थापना गरिएका देवदेवीका आकृति; प्रतिमा; प्रतिमूर्ती । ३. पुतला । ४. तस्बिर; चित्र; छायाँ । ५. अनुहार; चेहरा । ६. साघुसन्न्यासीको गन्ती गर्दा प्रयोग हुने आदरवाची शब्द । ७. वास्तुकला वा मूर्तिकलामा अङ्गुल वा मात्राको आठ गुनाबराबरको नाम । | | ६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७० | प्रख्याति | प्र+ख्या+क्ति न्(ति) | ना | ना. प्रसिद्धि । | | ६१ |
| ७१ | अभिमान | अभि+मन्+घ ञ् (अ) | ना | १. आफ्नो मान, प्रतिष्ठा, सत्ता आदिको उच्चताको बोध । २. मान, प्रतिष्ठा, योग्यता आदिका सम्बन्धमा मनमा हुने प्राय : अनुचित धारणा; घमन्ड; अहङ्कार । ३. आत्मलाछा; आत्मप्रशंसा । | | ६२ |
| ७२ | ख्याति | ख्या+क्तिन् (ति) | ना | ना.नाउँ चलेको अवस्था; सिद्धि । | | ६५ |
| ७३ | कृति | कृ+क्तिन्(ति) | ना | १. गरिएको असल काम; पुरा गरेको कार्य । २. कनै पुस्तक चित्र आदिको रचना । ३. परोपकारका निम्ति निर्मित सार्वजनिक उपभोगका वस्तु (पाटी, पौवा, मन्दिर आदि) । ४. एक पाउमा बिस अक्षर हुने छन्दका सबै भेद । | | ६२ |
| ७४ | उत्सुकता | उत्+सु+विच् वा क्विप् | ना | ना. उत्सुक हुनुको अवस्था; उत्कण्ठा ;सकसकी । | | ६३ |
| ७५ | प्रहर | प्र+ह+घ/अप् (अ) | ना | १. दिनरातका आठ भागको एक भाग; अहोशनको आठौँ भाग; तीन घण्टाको समय । २. पहर; याम । | | ६४ |
| ७६ | अत्मा | अत्+मनिण् (मन्) | ना | १. शरीरमा रहेमा त्यसलाई जीवित राख्ने र कियाशील बनाउने तथा नरहेमा निष्क्रिय वा मुर्दा बनाउने अविनाशी ; अतीन्द्रिय । अभौतिक शक्ति । २. मान वा अन्तकरणका व्यापारको ज्ञान गराउने सत्ता; जीवात्मा । ३. सत्, चित्, आनन्द सम्बन्धी पदार्थ; चैतन्य तत्व । ४. मन; ह्दय । ५. कुनै | | ६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | वस्तुको मूल वा सारतथ्व (शब्दको आत्मा) काठयको आत्मा इ.) । | | |
| ७७ | उद्‌गार | उत्+गृ+घञ् (अ) | ना | १. हर्ष, शोक, विस्मात आदि मनका भाव व्यक्त गर्ने काम; मनका भाव वा विचारको अभिव्यक्ति । २. मुखबाट बाहिर निकाल्ने वा ओकल्ने काम । | | ६४ |
| ७८ | लोप | लुप्+घञ् (अ) | ना | १. हराउने वा नदेखिने स्थिति; अलप; गायब; गुम । २. नासिने काम; कमी; क्षय । ३. व्याकरणका अनुसार शब्दका कुनै अक्षरको अल्पाइ; वर्णलोप । | | ६४ |
| ७९ | उदार | उद्+आ+रा+क (अ) | वि | १. दिन र खान सक्ने मन भएको; मनकारी; दाता; दिलदार । २. उत्तम; श्रेष्ठ; विशिष्ट । ३. सङ्कुचित विचारधारा र स्वार्थदेखि टाढा रहेर विचार गर्ने । | | ६५ |
| ८० | चिता | चि+क्त (त) | ना | ना. मुर्दा पोल्न बनाएको तीन खाप दाउराको टाँड; मुर्दा पोल्ने चौको; चितिका । | | ६५ |
| ८१ | कालान्तार | अन्त+रा+क (अ) | ना | १. समयान्तर; धेरै पछिको समय; तोकिएको भन्दा पछिको समय । २. मौका परेको बेला । | | ६६ |

कथाकार भीमनिधि तिवारीद्वारा लिखित ‘अमर पुत्र’ कथामा तत्सम, तत्भव  २ आगन्तुक गरि जम्मा १३४१ वटा शब्द रहेको पाइन्छ । जसमध्ये ८१ ओटा तत्सम शब्द रहेका छन् । प्रतिशत दृष्टिले ६.०४% प्रतिशत तत्सम शब्दको प्रयोग कथामा गरिएको छ । ५४ ओटा तत्सम शब्द मध्ये सबैभन्दा धेरै भक्त शब्द १९ पटक आवृति भएको देखिन्छ भने सर्वनाश, प्रश्वास र विरह जस्ता ४० शब्दहरु १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

## ३. एकजोर जुत्ता कथाको परीचय

कथाकार महेशविक्रम शाहद्धारा रचना गरिएको 'एकजोर जुत्ता' सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा प्रमुख पात्रहरु 'म' पात्र, गुलाफी, हर्कबहादुर उनकी श्रीमति, छोरा गोविन्द, छोरी बहिनी आदि हुन् ।

हर्कबहादुरका घरमा 'म' पात्र भाडामा बस्छन् । गुलाफीले 'म' पात्रको घरधन्दा गर्छिन एकदिन 'म' पात्र बजार जान लागेको थाहा पाएर गुलाफीले 'एकजोर' जुत्ता ल्याइदिनु भन्दै आफ्नो खुट्टाको लम्बाईको नापमा एउटा धागो दिन्छिन् । 'म' पात्र सदरमुकामको बजार जान्छन्, आफ्नो दैनिक आवश्यक पर्ने सामान किन्छन् र गुलाफीलाई जुत्ता किनदिन्छन् र घर फर्किन्छन् । साँझपख गुलाफी खाना पकाउन आउदा 'म' पात्रले जुत्ताको प्याकेट उनको हातमा राखिदिन्छन् । जुत्ता देखेर गुलाफी असाध्यै खुसी हुन्छिन् । र त्यो जुत्ता लगाउदा गुलाफीलाइ ठिक्क हुन्छ र भन्छिन मैले सोचेको जस्तै जुत्ता ल्याइदिनु भयो भन्दै आफुलाई खुब मनपरेको करा बताउछिन् ।

त्यस दिन देखि 'म' पात्र प्रति गुलाफी बाहेक परिवारका अन्य सदस्यले गर्ने व्यवहार फरक भए । जुन व्यवहारले 'म' पात्रलाई नरमाइलो लागि रहेको थियो । त्यसको भोलि विहानै हर्कबहादुर 'म' पात्रकहाँ गएर विस्तारै कुराको गाठो फुकाउदै गुलाफीको उपहार लिने उमेर भएको छैन र अर्को कुरा ऊ भन्दा माथि उस्ले मान्नुपर्ने उसकी आमा छ । ऊ भन्दा मुन्तिर दुइटी बहिनी र एउटा भाइपनि छन । दसैजस्तो ठुलो चाडबाडमा गुलाफीले मात्र त्यस्तो जुत्ता लगाउँदा मैले अरु छोराछोरीलाई नकिनिदिएर जस्तो देखिन्छ । यस्तै दुवै विच अधुरो संवादपछिका केहि दिनपछि देसैको चहलपहलका बेला गुलाफी खाना पकाउने समय भैसक्दा पनि आउदिनन र अचानक गुलाफका बा आमाको चर्को स्वर सुनिन्छ र झ्यालबा हेर्छन । परिवारका सवै सदस्यका विच त्यहि जुक्ताका बारेमा कुरा भएको सुनिन्छ । "यो मान्छेले कही नसोची गुलाफीलाई जुत्ता लगाएको होइन मनमा पक्का केही खोट छ र एकदिन यो भाँडो फुट्ने छ ।"

सधैं झै भोलिपल्ट विहान 'म' पात्रको निवासमा आउँछिन र लिनुहोस् । यो जुत्ता अलि ठुलो भयो मलाई बा र आमा दुवैजनाले भन्नुभएको भनी जुत्ता 'म' पात्रका अगाडि भुइँमा राखेर गइहाल्छीन् । आफ्ना वेदनाले भरिएको नजरले पुलुक्क 'म' पात्र तिर एकचोटी भने हेर्छिन ठुलाठुला बाटुला आँखाबाट दुई थोपा आँसु तरक्क गालातिर चुहिँदै गरेको भने 'म' पात्रले पनि देख्छन् ।

**तत्सम शब्दको विश्लेषण**

**‘एकजोर जुत्ता’ कथामा प्रयुक्त तत्समशब्दहरूको विश्लेषण**

‘एकजोर जुत्ता’ कथामा प्रयोग गरिएका तत्सम शब्दहरुलाई ती शब्दको व्युत्पति, वर्ग र अर्थलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या ३ ‘एकजोर जुत्ता’ कथामा प्रयुक्त तत्सम**

| क्र. स | शब्द | व्युत्पति | शब्दवर्ग | अर्थ | आवृत्ति | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | गोविन्द | गो+विद्+श | ना | १. परब्रहम, परमात्मा । २ श्रीकृष्ण । ३. शङ्कराचार्यका गुरुको नाम ४ गोठको मालिक । | २ | १२१ |
| २ | विद्यालय | | ना | पढ्ने र पढाउने ठाउँ; पाठशाला : स्कुल । | १ | १२१ |
| ३ | व्यवहार | वि+अव+हृ+यञ् | ना | १. पारिवारिक वा सामाजिक जीवनमा एउटा व्यक्तिले अरुसित गर्ने आचरण २. चालचलन । ३. लेनदेन ४. कामकाज । | २ | १२१ |
| ४ | शिष्ट | शास+क्त | वि | १. आनीबानी राम्रो भएको : नियम, अनुशासनमा रहने तथा सभ्यता र सौजन्यपुर्ण व्यवहार गर्ने । २ शान्त र नम्र । | | १२१ |
| ५ | प्रश्न | प्रच्छ+नङ् | ना | कुनै कुराको उत्सुक्ता मेट्न वा उचित जबाफ पाउन कसैलाई सुनाइने शब्द, वाक्य वा वाक्यसमुह; सबाल; जिज्ञासा । | | १२२ |
| ६ | आवश्यक | अव+श्यै+डमु | वि | खाँचो परेको; चाहिएको; जरुरी ( उदाःआवश्यक कार्य) | १ | १२२ |
| ७. | प्रवेश | प्र+विश्+ | ना | १. बाहिरबाट भित्र जाने वा पस्ने | | १२३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घञ् | | काम । २. कुनै क्षेत्र, वर्ग, सङ्घ आदिमा नियमपुर्वक हुने सामेली । | | |
| ८ | आशा | आ+अश्+ अच् | ना | १. चाहेको वस्तु पाउने इच्छा, अभिलाषा, चाहना ।<br>२. लोभ, लालच । | | १२३ |
| ९ | ईर्ष्यालु | ईष्या+ला +डु | वि | इख गर्ने, इखालु । | | १२३ |
| १० | व्यस्त | वि.+अस्+ क्त | वि | कुनै काममा एकाग्रतासाथ संलग्न, कामकाजले गर्दा बेफुर्सद रहेको । | | १२४ |
| ११ | जिज्ञासु | ज्ञा+सन् | वि | जान्न चाहने, जिज्ञासा राख्ने, ज्ञानको भोको । | | १२४ |
| १२ | आश्चर्य | आ+चर्+ यत् | वि | नयाँ र अद्भुत वस्तु वा दृश्य देख्दा मनमा उठ्ने भाव, आसर्जे, उदेक । | | १२४ |
| १३ | व्यक्त | वि+अञ्ज् +क्त | वि | १. प्रकट गरिएको, इन्द्रियद्वारा प्रत्यक्ष गर्न सिकने । २ आँखा अगाडिको, आखाले देख्न सकिने, खुल्लस्त, स्पष्ट । | | १२४ |
| १४ | तीक्ष्ण | तिज्+क्स्न | वि | १. तिखारिएको, तिखो, धारिलो । २. प्रमुखर; तीव्र; टाठो ।<br>३. गरम; उष्ण; कटु स्वाभावको; कर्कश सहन नसकिने ।<br>४. तिख्खर स्वादको । | | १२४ |
| १५ | वेला | वेल्+अच् | ना | १. समय, काल, बखत, बेला । २. संयोग, सन्जोग, मौका, अवसर । ३. समयको मान, घडी, पला आदि । | २ | |
| १६ | संवाद | सम्+वद्+ घञ् | ना | १. नियन्त्रित विषय वा परिस्थितिमा गरिने कुराकानी । २ बोलाइ आदि शिक्षणको एक पद्धति । ३. | | १२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | परस्परको कुराकानी, वार्तालाप, बातचित । ४. विवाद, बहस, तर्क । ५. समाचार, खबर, सन्देश । | | |
| १७ | विषय | वि+सि+ अच् | ना | १. ज्ञानेन्द्रियले ग्रहण गरिने पदार्थ ( रुप,रस, गन्ध, स्पर्श र शब्द) । २. पञ्चमहाभूतबाट बनेको वस्तु वा पदार्थ भौतिक पदार्थ । ३. जन्मदेखि मृत्युपर्यन्त गरिने लोकसम्बद्ध व्यवहार, ४. कुनै पनि विचार गरिने कुरो वा वस्तु । | १२५ | |
| १८ | प्रकाश | प्र+काश्+ अच् | ना | १. उज्यालो पदार्थबाट निस्कने; अन्धकारलाई हटाउने तत्व; अन्धकारले आँखासामुन्ने प्रत्यक्ष गराउने; उज्यालो वस्तुबाट निस्कने तेज; आलोक; ज्योति; उज्यालो । २. घाम जून । | | १२५ |
| १९ | परिवार | परि+वृ+ णिचि+घञ् | ना | १. रगत; वीर्य; नाता; घर; अनुकूलता र वैवाहिक सम्बनधले संयुक्त भएका मानिसको समूह । २. एउटै भान्सामा खाने घरका मानिसहरुको समूह; जहान । ३. नातादार र कुटुम्ब आदिको समूह । | | १२५ |
| २० | लक्षित | लक्ष्+क्त | वि | १. देखिएको, टड्कारो २. ताकिएको, तोकिएको । लक्ष्य गरिएको । ३. चिहिनत । ४. बताइएको; कथित । ५. शब्दको लक्षणा शक्तिद्धारा बोध भएको । | | १२५ |
| २१ | शान्त | शम्+क्त | वि | १. रिस, राग, द्वेष, दुःख आदि | | १२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मनोविकार नभएको; सौम्य; शान्तियुक्त; सुशील र विनम्र । २. गति वा वेग नभएको ; निश्चल । ३. कुनै उपद्रो, विध्नबाधा, हल्ला आदि नभएको ; निःशब्द मौन ४. शमन भएको; निभेको । | | |
| २२ | शुष्क | शुष्+क्त | वि | १ आगो, घाम आदिको रापले तातेर पानीको भाग वा चिसोपनजति निथ्रिएको; सुकेको; सुक्खा । २. चाख नलाग्ने ; झर्कोलाग्दो । | १ | १२६ |
| २३ | दृष्टि | दृश्+क्तिन् | ना | १. हेरेर जानिने बुझिने भाव, वृत्ति वा शक्ति; हेर्ने काम; हेराई; अवलोकन । २. हेर्ने इन्द्रिय; आँखा; नयन; नेत्र । ३. कुनै काम वा व्यवहारप्रतिको विचार वा राय । ४. दृष्टि बन्धक; दृष्टिबन्धकी (तमसुक) । | | १२६ |
| २४ | गोविन्द | गो+विद्+श (अ) | ना | १. परब्रहम; परमात्मा । २.श्रीकृष्ण ३. शङ्कराचार्यका गुरुको नाम । ४. गोठको मालिक । | १ | १२१ |
| २५ | प्रति | प्रथ्+डति (अति) | नायो | १. तिर; तर्फ; पट्टि । २. माथि; उपर । ३. बारे; विषयमा; सम्बन्धमा; निमित्त । | | १२१ |
| २६ | सभ्य | सभा+यत् (य) | वि | १. सभाका निम्ति योग्य वा सुहाउँदो; शिष्ट; भद्र । २. विश्वास गर्न सकिने; विश्वस्ती ना १. सभाको सदस्य; सभासद् । २. कुलीन वा शिष्ट व्यक्ति; भलादमी । | | १२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | मलिन | मल+इनच् (इन्) | वि | १. मल भएको; घिनलाग्दो फोहोर । २. अशुद्ध; अपवित्र । ३. उज्ज्वल नभएको : अँध्यारो; मलिनो । ४. ओइलाएको; निस्तेज । ५. नीज; कपटी । ६. पापी; दुश्चरित्र । | | १२४ |
| २८ | प्राय | प्र+इ+अच् (एरच्) | वि | समस्त शब्दको उत्तर पदका रुपमा रहेर तुल्य वा समान अर्थ बुझाउने शब्द (उदा. नष्टप्राय : , कष्टप्राय) । क्रिवि. धेरै मात्रामा; धेरैजसो; पुग नपुग : झण्डै । | | १२५ |
| २९ | प्रतीत | प्रति+इ+ क्त (त) | वि | १. आभास भएको; भान भएको । २. मनमा लागेको । ३. पत्यार गरिएको; विश्वास गरिएको; विश्वष्त । ना. पत्यार; आभास; भान । | | १२५ |
| ३० | निवास | नि+वस्+ घञ्(अ) | ना | १. निजी वासस्थानमा वा अरुकै घरकोठामा बस्ने कामः रहने काम । २. स्थान; आश्रम; घर; डेरा ३. क्षणिक वास । | | १२६ |
| ३१ | व्यथित | व्यथ्+क्त (त) | वि | १. व्यथाले ग्रष्त;पीडित । २. आत्तिएको ; डराएको; भयभीत । ३. पिर परेको; चिन्तित । | | १२६ |
| ३२ | आधार | आ+धृ+घ ञ् (अ) | ना | १. कुनै वस्तु अड्ने वा रहने ठाउँ; आश्रय; अडान; टेको । २. सहारा; आलम्बन । | | १२३ |
| ३३ | उमा | उ+मा+क (अ) | ना | उमा १ ना. महादेवकी पत्नी; दुर्गाः पार्वती । उमा २ ना. हे. उमर्का । | ३ | १२३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | उमा ३ वा. भर्खर पहेँलिन थालेको गहूँका बाला आगोमा पोलेर बनाएको खाजा । | | |
| ३४ | मन | मन्+ असुन् | ना | मन १ ना. चालिस सेर वनजनबराबरको तौल वा परिमाण । मन २ १. नाक, कान, आँखा, आदिका माध्यमबाट थाहा भएका कुराले आफुलाई प्रभाववित पार्ने आन्तरीक इन्द्रिय; अन्तः करण; चित्र; दिल; हृदय २. प्राणीहरुको अनुभव, इच्छा, बोध, विचार, अन्त : करण र त्यसको वृत्ति । ३. इच्छा; कामना; अभिलाषा; रुचि । ४. स्वाभाव; प्रकृति ।<br>५. आशय; इराहा; विचार । | ३ | १२३ |
| ३५ | अनुहार | अनु+हृ+ घञ् (अ) | ना | १. आकार; रुप । २. मुख; मुखाकृति ३. नक्कल; प्रतिकृति । | १ | १२३ |
| ३६ | समस्या | सम्+अस् +ण्यत्(य) | ना | १. समाधान गर्न गाह्रो पर्ने कुरो; जटिल अवस्था<br>२. गाँठो फुकाउनुपर्ने कुनै विषय ; अड्को । ३. कल्पना तथा भरेर छन्द पूरा गर्नका लागि कविहरुलाई दिइने कविताको एक अंश वा विषय । | १ | १२४ |
| ३७ | व्यक्त | वि+अञ्ज् +क्त (त) | वि | १. प्रकट गरिएको; इन्द्रियद्वारा प्रत्यक्ष गर्न सकिने । | | १२४ |
| ३८ | प्रयास | प्र+यस्+ घञ् (अ) | ना | १. आफूले चाहेको कुरो हासिल गर्न गरिने कार्य; यत्न; कोसिस, जमर्को । २. परिश्रम । ३. उद्योग ; उन्नति | | १२४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | उपहार | उप+हृ+ घञ् (अ) | ना | १. खुसियालीमा मान्यजन वा मित्रलाई दिइने केट ; कोसेली । २. असल काम गर्नेलाई सम्मानार्थ दिइने वस्तु । | | १२४ |
| ४० | भोलि | मूल शब्द | क्रिवि | आजभन्दा पछि आउने पहिलो दिन; आउँदो दिन; अर्को दिन | | १२६ |
| ४१ | अस्ति | मूल शब्द | क्रिवि | १. हिजोभन्दा एक दिन अगाडी; दुई दिन पहिले ।<br>२. दुईभन्दा धेरै दिन पहिले ; केही दिन अघि । | | १२६ |
| ४२ | आज | मूल शब्द | क्रिवि | १. यो दिन; वर्तमान दिन; अहिलेको समय ।<br>२. वर्तमान समय; हाल । | २ | १२६ |
| ४३ | आमा | मूल शब्द | ना | १. आफुलाई जन्म दिने स्त्री; जननी; माता<br>२. बज्यै । | ३ | १२६ |
| ४४ | जना | मूल शब्द | ना | १. मान्छेको गणना गर्दा प्रयोग गरिने एकाइ ।<br>२. मान्छेको कोहिलाई जनाउने शब्द; कोटिकर (एक जना, दुई जना इ) । ३. व्यक्ति; मानिस (उदा. आज त धेरै जना भाएछन्) । | | १२६ |
| ४५ | पोको | मूल शब्द | ना | पोको १ १. कुनै वस्तु भित्रपट्टि हालेर कागज वा कपडा बेरेर बनाइएको सानो कुम्लो; सानो गठरी । २. झन्डै साढे ६ मानाको नाप । पोको २ कोसेली लैजान वा अनाज राख्न तयार पारिएको खोचो | ४ | १२६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | (उदा. एक पोको गँहु ) | | |
| ४६ | गाला | मूल शब्द | ना | मुखका दाहिनेदेब्रे रहेका, आँकामुनिका दुई पाटा; कपोल । | | १२६ |

कथाकार महेशविक्रम शाहद्वारा लिखितम 'एकजोर जुत्ता' कथामा तत्सम, तत्भव र आगन्तुक गरि जम्मा १२८७ वटा शब्द रहेको पाइन्छ । जसमध्ये ४६ ओटा तद्भव शब्द रहेका छन् । प्रतिशतका दृष्टिले २.४३% प्रतिशत तत्सम शब्दको प्रयोग कथामा गरिएको छ । सबैभन्दा धेरै व्यवहार शब्द दुई पटक आवृति भएको देखिन्छ । भने शिष्ट, प्रश्न, आशा जस्ता १७ शब्दहरु १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

### ४. 'डल्ले खोला' कथाको परिचय

कथाकार परशु प्रधानद्धारा लिखित सामाजिक विषयवस्तुमा आधारीतकथा हो । यस कथामा 'ऊ', डल्ले खोला, रनबहादुर, हाकिम, शिव बहादुर आदि पात्रहरु रहेका छन् । समाज विकासका निम्ति आएका बजेटलाई कसरी हिनामिना गर्दछन् भन्ने कुरा यस कथा मार्फत देखाएको छ ।

सदरमुकामबाट गाउँ फर्कदाँ वा गाउँबाट सदरमुकाम जाँदाहोस डल्ले खोला तर्नुपर्ने हुन्छ । 'उ' पात्र मुस्किलले गाउँ फर्कदा डल्ले खोला तऱ्यो । वारिपारिका सारा गाउँलाई युद्धको घोषणा गर्दै म माथि पुल बनाईदेओ, कुलामामा बाँडेर खेतमा पुऱ्याईदेओ, छिटो टुङगो लगाईदेओ, भन्छन्, तर  हरेक वर्ष डल्ले खोला उस्तै रहन्छ, कहिले पुल बन्दैन । रनबहादुरलाई सपनामा सुखदुःखको साँची मैं हुँ भन्छन् र रनबहादुर सदरमुकाम गएर जोस र उत्साहका साथ हाकिमलाई हाम्रो डल्ले खोलालाई एउटा राम्रो पुल बनाउने भनेर २०,००० माग्छन् । तर हाकिमले उनको कुरा नसुनेको गर्छन् ।  "देश विकास हामी सबैको साझा कर्तव्य हो ।" डल्ले खोलाको पुल अहिलेको हाम्रो आवश्यकता हो । आदि भाषण दिन्छन् र १०,००० रकम निकासा हुन्छ । उक्त रकमले डल्लेखोलाको पुल नबनेर रनबहादुरको छोरिको धुमधामसँग विहे सम्पन्न हुन्छ । डल्ले खोलामा एकदुईटा काठ मात्र राखिन्छ । अर्को वसन्त आउँछ र जान्छ । अर्को शरदको जाडो पनि त्यसरीनै आउँछ र जान्छ । डल्ले खोला फेरीयस पटक शिवबहादुरलाई आवाज दिन्छन्, मलाई कुलामा लगेर बाँडिदेऊ । शिवबहादुर सदरमुकाम पुगेर हाकिमको त्यही टेबुलमा डल्ले  खोलामा पुलका लागि गएको रकम पूरै हिनामिना भयो भन्दै पुन पुल निर्माणका लागि १०,००० रकम निकासा गर्छन् । सारा गाउँका ओठमा खुसियाली हुन्छ । तर यस पटक पनि शिव बहादुरले पुल बनाएनन् । जाँचपासका लागि माथिबाट मान्छे आएर कुलो जाँचे । कुलो राम्रो थियो । तर पुल डल्ले खोलाको थियो कि अरुनै खोलाको । डल्ले खोला जस्ताको त्यस्तै रह्यो । पुल बनेर कसैको बिहे कार्य राम्ररी सम्पन्न भयो भने कसैले बसाई जानु परेन । मलाई तिमिहरुका सारा व्यावहारप्रति स्नेह छ । भनेर डल्ले खोलाले सन्तोष गर्छ । र डल्ले खोला तरिसिकेर 'ऊ' पात्रले एक पटक डल्ले खोला तर्फ हेर्छ । तर डल्ले खोला उस्तै हुन्छ र उसरी नै बगिरहेको देखिन्छ ।

**तत्सम शब्दको विश्लेषण**

**'डल्ले खोला' कथामा प्रयुक्त तत्सम शब्दको विश्लेषण**

'डल्ले खोला' कथामा प्रयोग गरिएका तत्सम शब्दहरुलाई ती शब्दको व्युत्पत्ति, वर्ग र अर्थलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका संख्या ४**

**'डल्ले खोला' कथामा प्रयुक्त तत्सम शब्दहरु**

| क्र.सं. | शब्द | व्युत्पति | शब्दवर्ग | अर्थ | आवृति | पृष्ठ संख्या |
|---|---|---|---|---|---|---|
| १ | वर्षा | वर्ष+ अच् | ना | १. पानी पर्ने काम :- २. छ ऋतुमध्ये साउन र भदौ हुने एक ऋतु: बर्सात । ३. पानी पराईजस्तै कुनै वस्तु धेरै परिमाणमा ओइरने काम । | ५ | १९१ |
| २ | घोषणा | घुष्+णिचि-युच | ना | १. कुनै कुरो ठुलो स्वरले सुनाउने काम केही कुराका बारेमा निश्चय साथको भनाई । २. कुनै संस्था वा विशिष्ट व्यक्तिबाट गरिएको निर्णयको सार्वजनिक जानकारी । ३. राजाको हुकुम । | - | १९१ |
| ३ | व्यवहार | वि+अव+हृ+घञ् | | १. पारिवारिक वा सामाजिक जीवनमा एउटा व्यक्तिले अरुसित गर्ने आचरण । २. चालचलन । ३. लेनदेन । ४. रीतिस्थिति । ५. चलनचाँजो । ६. कामकाज । ७. मुद्दामामिला । | १ | १९१ |
| ४ | उत्साह | उत्+सह+घञ् | ना | १. तत्परतापूर्वक काम गर्ने कुनै मनः स्थितिः आँटः हिम्मत । २. हौसला । ३.जोसः फुर्ती । ४. प्रेरणा । ५. वीर रसको स्थायी भाव । | - | १९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | व्यस्त | वि+अस्+क्त | वि | कुनै काममा एकाग्रतासाथ संलग्न : काम काजले गर्दा बेफुर्सद रहेको । | - | १९२ |
| ६ | देश | दिश्+अच्/घञ् | ना | १. चारैतिर फैलिई अनेकौं गाउँ, सहर, जिल्ला, अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भूभागः मुलुक । २. एकै प्रणालीको शासन अन्तर्गतको निश्चित भूभागः राष्ट्र । ३. ठाउँ, स्थान । | - | १९२ |
| ७ | विकास | वि+कस्+घञ् | न | १. क्रमशः बढ्दै वा सुध्रिँदै गएको स्थितिः उन्नति । २. उत्तरोत्तर प्रगतिः क्रमिक परिवर्तन । ३.हुर्केको वा सप्रेको अवस्थाः वृद्धि । ४. फूल आदिको फुलाई । ५. विस्तारः फैलावट । | १ | १९२ |
| ८. | कर्तव्य | कृ+तव्यत् | वि/न् | १. कुलपरम्परा, नीतिनियम तथा सामाजिक आवश्यकता अनुसार गर्नुपर्ने वा अँगालिने कामः गर्नलायक असल कार्य वा आचरण । २. । नैतिकताविरुद्ध हुने कामः अवाञ्चित आचरणः टुना, मोहनी, विष प्रयोग र प्रहार आदिबाट कुनै व्यक्तिको ज्यान लिने दुस्साहसः कालो कर्तुत (उदा काकालाई कर्तव्य गरी मारेको अभियापेगमा उ पक्राउ परेको छ) । | - | १९२ |
| ९ | निर्माण | मूल शब्द | वि | १. घर, मन्दिर, सडक, आदि बनाउने कामः रचना/<br>२. बनेका भवन, सडक, मन्दिर | १ | १९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आदिको संरचना । | | |
| १० | आवश्यकता | आवश्यक+तल(त) + टाप् (आ) | ना | आवश्यक भएको स्थिति; खाँचो; जरुरत । | २ | १९२ |
| ११ | शब्द | शप्+दन् (द) | ना | १) अनुभूत विषयलाई व्यक्त गरिने वर्णात्मक वा ध्वन्यात्मक आवाज । २) वर्ण वा वर्णसमूहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि; सार्थक पद; लबज । | | १९२ |
| १२ | महत्वपूर्व | मूल शब्द | वि | पूरा महत्व भएको; विशेष महत्वको | | १९२ |
| १३ | भयावह | भय+आ+ वह्+अच् | वि | भय उत्पन्न हुने; भयानक;भयकारी;भयङकर । | | १९२ |
| १४ | प्रशंसा | प्र+शंस्+ अ+टाप् | ना | १) असल गुणहरुको आधारमा बढाईचढाई वा यथार्थ रुपमा गरिएको कसैको बखान; सह्रनी; सराहना;तारिफ । २) स्तुति; स्तुतिगान । ३) झुटो तारिफ; चाप्लुसी । | | १९२ |
| १५ | विश्वास | वि+श्वस्+घञ् (अ) | ना | १) कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदि प्रति हुने सत्यताको धारणा; दृढ आस्था; पत्यार । २) आस्था; श्रदा । ३) भरोसा; आड । ४) नेपालको तराईमा बसोबास गर्ने गनगाई जातिको एक थर । | १ | १९२ |
| १६ | वसन्त | वस्+झच् (अन्त) | ना | छ ऋतुमध्ये एक र पहिलो ऋतु ( चैत र बैशाख महिना) ; ऋतुराज । | | १९३ |
| १७ | शरद् | शृ+आदि (अद) | ना | छ ऋतुमध्ये चौथो ऋतु; असोज र कात्तिक महिनामा पर्ने ऋतु । | | १९३ |
| १८ | निमन्त्रणा | नुम+नि+ मन्त्र्+ णिचि+युच्+ टाप् (आ) | ना | निमन्त्रण । | | १९३ |
| १९ | शिव | शो+वन् (व) | ना | १) हिन्दुका तीन प्रधान देवता ब्रहमा, विष्णु र माहादेव मध्ये संहार कार्यका प्रतीक मानिएका देवता; रुद्र; महादेव; शम्भु; पशुपति । २) मङ्गल; कल्याण; आनन्द । ३) मुक्त हुने काम; मुक्ति ; मोक्ष । ४) विष्कम्भादि सत्ताइस योगमध्ये एक | | १९३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | योग । ५) कालो धतुरो । ६) पानी; जल । | | |
| २० | अभाव | भू+घञ् (अ) | ना | नहुँदाको स्थिति; सत्ताहीनता । २) नपाइने स्थिति; अप्राप्ति । ३. नाश । | | १९३ |
| २१ | सन्तोष | सम्+तुष्+घञ् (अ) | ना | आफ्नो वर्तमान अवस्था वा आफूसाग भएका वस्तुबाट हुने आनन्दको अनुभव; सन्तुष्टि; सन्तोक । २) अघाउने काम; अघाइ; तृप्ति । ३) प्रसन्नता; आन्नद; हर्ष; खुसी । | | १९३ |
| २२ | शाश्वत | शश्वत्+ अण् (अ) | वि | कहिल्यै पनि नाश नहुने; सधैंभरि रहने; चिरस्थायी; नित्य; सनातन; चिरन्तन । ना.१ वेदव्याश । २. स्वर्ग । ३. शिव । ४ सूर्य । ५) अन्तरिक्ष । | | |
| २३ | आज | मूल शब्द | क्रिवि | १. यो दिन; वर्तमान दिन; अहिलेको समय ।<br>२. वर्तमान समय; हाल | २ | १९१ |
| २४ | पनि | मूल शब्द | संयो | पद, पदावलीलाई जोढ्ने प्रयोग हुने शब्द; र अनि । नि. समेत ; सहित ; लगायत; नि । | १० | १९१ |
| २५ | सारा | मूल शब्द | वि | १. भएजति सबै; सम्पूर्ण; समस्त । २. भएजति; यावत् । | ४ | १९१ |
| २६ | वातावरण | आ+वृ+ ल्युट् (अन) | ना | १. पृथ्वीको चारैतिर फिँजिएको हावा । २. प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पार्ने आसपासको अवस्था; परिस्थिति । | १ | १९१ |
| २७ | बलियो | मूल शब्द | ना | १. धेरै बल भएको ; शक्तिशाली; बलिष्ठ; जोधाहा; स्त्री . बलियो । २. हतपती नबिग्रने; धेरै खप्ने; मजबुतच; दह्रो । ३. धनजन आदिले सम्पन्न । | | १९१ |
| २८ | सहारा | मूल शब्द | ना | १.सहायता; मदत । २. आड; भरोसा । ३. आधार; आश्रय । | | १९१ |
| २९ | दियो | मूल शब्द | ना | १. तेल वा घिउ हाली धागोको सलेदोमा बत्ती बाल्ने, माटो वा धातुबाट बनाइएको कचौरीका आकारको सानो भाँडो; दीपदानी । २. बत्ती । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | पोहोर | मूल शब्द | ना | गएको साल; अघिल्लो वर्ष; गत वर्ष । क्रिवि पोहोर; गत वर्षमा । | | |
| ३१ | याम | या+मन् (म), | ना | १. प्रचलित घडीका हिसाबले तीन घण्टा र पानीघडीका हिसाबले साढे सात घडीको समय; प्रहर । २. समय; काल । ३. बेलाबखत; मौसम । | | १९१ |
| ३२ | बहुला | मूल शब्द | वि | दिमाग विग्रेको; पागल; बौलाहा; छँटाहा । | | १९१ |
| ३३ | पुल | मूल शब्द | ना | १. घाँस, झार आदिको समुह; तृणराशि । २. सागपातको मुठा; पुला । | ९ | १९१ |
| ३४ | खेत | मूल शब्द | ना | १. गरा गरामा बाँडिएको र आली लगाई पानी जमाएर धानको खेती गरिने जमिन; धान रोप्ने जग्गा २. पच्चिस रोपनीबराबरको जग्गा वा त्यस्तो जग्गाको नापो । | | १९१ |
| ३५ | भाले | मूल शब्द | ना | १. पुरुष वा भाले जातको कुनै प्राणी; मर्द जीव ।<br>२. विजयी वा सफल व्यक्ति । ३. चरा आदिको भाले जात; कुखुरो वि. १. पुरुष जातिको; लोग्ने जातको (पशु, पक्षी इ.) २. कसैलाई नगन्ने वा नटेर्ने; साँढा । ३. फल नफल्ने (रुख) । ४. भाला लिएर जुध्ने; भाला लिने; भालाधारी । | | १९१ |
| ३६ | स्वीकृति | स्वी+कृ+ क्तिन् (ति) | ना | १. स्वीकार गरिएको काम वा अवस्था । २. सकार्ने काम; अँगालाई । | | १९१ |
| ३७ | परन्तु | मूल शब्द | संयो | पहिलो कथनको विरोध दर्साउने सम्बन्धमा आउने संयोजक; तर; किन्तु । ना. अन्त । २. आखिरको समय; अन्तिमको समय । | | १९१ |
| ३८ | उत्साह | उत्+सह+घञ् (अ) | ना | १. तत्पर्तापूर्वक काम गर्ने कुनै मनःस्थिति; आँट; हिम्मत २. हौसला । ३. जोस; फुर्ती । ४. प्रेरणा । ५. वीर रसको स्थायी भाव । | ३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | बिहान | मूल शब्द | ना | दिनको पहिलो प्रहर; पूर्व फाट्ने बेलादेखि घाम नछोप्पिउन्जेलको समय; प्रातः काल./ क्रिवि प्रातः कालमा; सबेरै । | | १९१ |
| ४० | सपना | मूल शब्द | ना | १. निदाएका बेला मानसिक रुपमा देखिने दृश्य वा घटना र मनमनै खेल्ने कुरा; स्वप्न । २. रमाइलो भविश्यको आशा वा कल्पना । ३. उदेकलाग्दो कुरो वा मनको लहड । | २ | १९१ |
| ४१ | राम्रो | मूल शब्द | वि | १. देख्ता मन पर्ने; सुन्दर; रमणीय । २. गुण हित आदिका दृष्टिले उम्दा; असल; बेस । ३. सुहाउँदो; उपयुक्त; उचित । | २ | |
| ४२ | ज्यान | मूल शब्द | ना | १. जीवन ; प्राण ; प्राणतत्व । २. प्राणधारी शरीर; प्राणी, ३. प्रेमी वा प्रेमिकाद्धारा परस्परमा एकअर्कालाई बोलाइने शब्द; प्रेमी वा प्रेमिका ( उदा. मलाई त सन्चै छ, ज्यानलाई कस्तो छ :- गीत) | | १९२ |
| ४५ | हामी | मूल शब्द | सर्व | १. 'म' शब्दको बहुवचन रुप । २. धेरै जनाको प्रतिनिधित्व गरेर कुनै एक व्यक्तिले बोल्दा प्रयोग गरिने शब्द । ३. 'म' को सट्टामा अहम्भाव जनाउन प्रयोग गरिने सर्वनाम । | ६ | १९२ |
| ४६ | मान्छे | मूल शब्द | ना | मानिस; मनुष्य । | | १९२ |
| ४७ | एक | इक+कन् (क) | वि | पूर्ण राशिमा सङ्ख्याकमका हिसाबले पहिलो संङ्ख्या; १ को अङ्क । वि. १ एउटा; यौटा । २. अरुभन्दा श्रेष्ठ; सर्वश्रेष्ठ अद्धितीय ; मुख्य; प्रमुख । ३. शक्ति गुण आदिका दृष्टिले उस्तै; तुल्य; सदृश । (उदा. हाम्रा लागि दुवै छिमेकी एक हुन् )। | ४ | १९२ |
| ४८ | मुठी | मूल शब्द | ना | १. हातका औलाहरु मोडेर हत्केलामा दबाउदा बन्ने आकार र त्यसभित्रका रित्तो ठाउँ । २. एक मनाको दश भागको एक भाग बराबरको परिमाण; मुठी । ३. थोरै परिमाण । ४. मुड्की; मुक्का । | | १९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | सास | मूल शब्द | ना | १. नाक वा मुखबाट प्राकृतिक तवरले हावा भित्र खिची फोक्सोमा पुऱ्याएर त्यही वायु बाहिर निकाल्ने काम; श्वास । २. त्यसरी भित्र, बाहिर गर्ने वायु । ३. ज्यान; प्राण; जीवन । | १ | १९२ |
| ५० | कार्य | मूल शब्द | ना | १. काम; कृत्य; काज । २. कर्तव्य । ३. पेसा; व्यवसाय । ४. धार्मिक कृत्य वा अनुष्ठान । ५. प्रयोजन; उद्‌देश्य । ६. नाटकको उपसंहार । | | १९२ |
| ५१ | भक्ति | मूल शब्द | ना | १. ईश्वर वा देवीदेवताप्रति हुने निष्ठा; आस्था वा पुजाको भावना । २. पूज्य वा मान्यजनप्रति हुने आदर वा श्रद्धा । ३. चाकरी; सेवा; टहल। ४. विश्वास; आस्था । ५. साहित्यमा भक्तिमार्गीहरुले मान्ने भक्ति स्थायीभाव हुने एक प्रधान रस । | | १९२ |
| ५२ | काम | कृ+ण्यत् (य) | ना | काम १. काम्ने वा कामेको अवस्था; कँपाइ; कम्प<br>(उदा. कामजरो) ।<br>काम २. १.हातखुट्टा आदि शारीरिक अङ्ग चलाएर गरिने कार्य; मन वा बुद्धि खियाउने प्रकिया; दश नङ्ग्रा खियाइ । २. कुनै पनि गतिविधि (उद्योगधन्दा, इलम व्यवसाय पठनपाठन ङ) ३. गर्नुपर्ने कर्म; कार्य; व्यापार, काम ३. विषय भोग वा सुखसुविधाको चाहना; इच्छा; कामना; वासना; । २. स्त्री पुरुषका बिच सहवा-सको तीव्र उत्कण्ठा; यौनेच्छा । इ, कामदेव; अनङ्ग । ४. चार पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष) मध्ये तेस्रो) । | | १९२ |
| ५३ | ढङ्ग | मूल शब्द | ना | १. काम गर्ने पद्धति, शैली, सिप, ढाचाँ वा छाटँ ।<br>२. कसैमा हुने असल वा खराब स्वभाव; बानी-बेहोरा । ३. कुनै विषयको किसिम वा प्रकार । | | १९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | ठुलो | मूल शब्द | वि | १. आकारप्रकार, लमाई, चौडाइ र उचाइका हिसाबले बढी भएको; अजङको; ढब्बु; विशाल । २. अरुभन्दा पहिले जन्मेको; जेठो । ३. इज्जत, शक्ति, हैसियत आदिमा अरुभन्दा बढीको; विशेष महत्वको । | २ | १९२ |
| ५५ | अकाल | कल्+णिचि+ घञ् (अ) | ना | १. अनिकाल । २. खराब समय । वि. समय नपुगेको; असामयिक; दुर्घटना आदिमा परेको । | | १९२ |
| ५६ | सैनिक | सेना+ठक् (इक) | ना | १. सेनामा भर्ना भएको व्यक्ति; पल्टनिया जवान; सिपाही । २. योद्धा । वि. सेनासम्बन्धी; फौजसम्बन्धी । | | |
| ५७ | सडक | मूल शब्द | ना | टाढासम्म भुमिने वा सर्वसाधारण जनता हिँड्ने फराक बाटो; मोटर चल्ने मूल बाटो; राजमार्ग । | | १९२ |
| ५८ | बिजुली | मूल शब्द | ना | १. बादल लागेको बेला आकाशमा झिलिक्क चम्कने प्रकाश; सौदामिनी । २. वैज्ञानिक प्रणालीले उत्पन्न गरिने, प्रकाश र ताप भएको तथा आकर्षण र अपकर्षणसमेत गर्ने प्रसिद्ध शक्ति; विद्युत । वि. औधी हितो; चलाख; चम्किलो । | | १९२ |
| ५९ | बत्ती | मूल शब्द | ना | घिउतेलमा भिजाएर बाल्नका निम्ति पिउरी कातेर वा धागो दोब्र्याएर बनाइएको सलेदो । २. लालटिन, लम्फा, कपी आदिको सलेदो या फित्ता । ३. दियो; दीप । ४. चिराग; मसाल । ५. बिजुली मैनबत्ती लालटिक आदि प्रकाश उत्पन्न गर्ने साधन । | | |
| ६० | स्थिति | स्था+क्तिन् (ति) | ना | १. स्थिर रहने काम; स्थायी रहने काम । २. थातथालो; बसोबास । ३. चालचलन; रीतिस्थिति; अवस्था । ४. चाँजोपाँजो; बन्दो बस्त । ५. प्राकृतिक वा मानवीय अवस्था; अवस्थिति; परिवेश । | | १९२ |
| ६१ | दिन | दी+नक् (न) | ना | आकाशमा सूर्य देखिन्जेलको समय; सूर्यको उदय भएदेखि अस्त नभइन्जेलको अवधि; दिउसो; दिवस | १ | १९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | । २. अघिल्लो सुर्योदयदेखि पछिल्लो सूर्योदयपर्यन्तको समय; अहोरात्र; चौबिस घण्टा वा आठ प्रहर । ३. रातको बाह्र बजेदेखि पछिल्लो रातको बाह्र बजेसम्म चौबिस; घण्टाको समय । ४. समय ; बेला; बखत; मौका । ५. तोकिएको समय; निश्चित समय । ६. सात बारमध्येको एक बार । ७ दिनदशा; अनिष्ट दशा । | | |
| ६२ | यौटा | मूल शब्द | वि | एक मात्र सङ्ख्या भएको; एक वटा; एउटा; एकल; स्त्री. यौती । | १ | १९२ |
| ६३ | सङ्कट | सम्+कट्+अच्<br>(पदादि) | ना | १. कुनै आपत्विपत्को स्थिति; साह्रै अप्ठ्यारो अवस्था । २. जोखिम; डर । ३. दुई ठुलाठुला जल वा स्थल भागलाई जोर्ने घाँटी । वि. सङ्कीर्ण; साँघुरो । | | १९२ |
| ६४ | मुक्ति<br>(मुक्ति) | मुच्+क्तिन् (ति) | ना | १. छुटकारा; उन्मोचन; स्वतन्त्रता । २. मोक्ष; बारबारको जन्म र मरणबाट आत्माको मोचन । ३. त्याग; परित्याग । ४. उद्धार । | | १९२ |
| ६५ | सात | मूल शब्द | ना | छ र एकको योगबाट बन्ने सङ्ख्या; ७ अङ्क । वि. छ र एकका योगले बन्ने सङ्ख्याको । | २ | १९२ |
| ६६ | भोज | भुज्+अच्<br>(पदादि) | ना | कुनै चाडबाड बिहेबतुलो आदिमा धेरै मानिस सम्मिलित भएर खाइने विशेष भोजन; भतेर; सहभोजन । | | १९२ |
| ६७ | उपाधि | उप+आ+<br>धा+कि (इ) | ना | ना दुःख, दशा; रोग; सङ्कट । | | १९२ |
| ६८ | दुई | मूल शब्द | ना | एक र एकको योगसङ्ख्या । २. अङ्क र वि. एक र एक जोड्दा हुने सङ्ख्याको । | ३ | १९३ |
| ६९ | लामो | मूल शब्द | वि | १. धेरै परसम्म पुगेको, लमाइ बढ्ता भएको दीर्घ; २. पछिसम्म रहने । | | १९३ |
| ७० | अब | मूल शब्द | संयो | १. यसपछि ; अनि । २. यस बखत ; यसै क्षण । | २ | १९३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७१ | मास | मस्+घञ् (अ) | ना | १. बाटुला किसिमका झुसिला पात हुने, पहेला फुल फुल्ने र लामा कोसा फल्ने एक लहरो वा त्यसैका कोसाभित्रका दाल खाइने काला गेडा<br>२. महिना; मैन्हा । | | १९३ |
| ७२ | सुर | सु+रा+क (अ) | ना | १.देवता । २. सूर्य । ३. ऋषि वा मुनि । गानबजानको स्वर; ध्वनि । २. तल्लीनता; धुन । ३. अभिप्राय; आशय; आँट । ४. होस ; चैतन्य । | | १९३ |
| ७३ | नाङ्गो | मूल शब्द | वि | १. जिउमा लुगाफाटो केही नलगाएको; नग्न, निर्वस्त्र । २. जहान, परिवार कोही नभएको ; ठिङ्गो नङ्गा । | | १९३ |
| ७४ | जाडो | मूल शब्द | ना | १. चिसो अनुभव; ठन्डीको अनुभव । २. चिसोपन ; ठन्डी । ३. ठन्डा मौसम; शीतकाल । | | १९३ |
| ७५ | धान | मूल शब्द | ना | सिरुका आकारका लामालामा पात हुने, नलका मुखबाट धेरै गेडा भएका बाला लाग्ने, खेतमा हिलो पारेर उमारिएको बिउ रोपिने वा बुगुल्टो माटोमा गेडै छरेर उमारिने; ओखली , ढिकी र मेसिनले लुटेर चामल बनाइने कालो, रातो र पर्टेलो रङका गेडा लाग्ने एक जातको प्रमुख अन्न । | २ | १९३ |
| ७६ | बाला | बल्+ग (अ) | ना | १. सोह्रसत्र वर्षसम्मकी वा रजस्वला हुने अवस्थाकी स्त्री नवयुवती; किशोरी ; केटी । २. पुत्री; कन्या ; बालिका । ३. पत्नी ; भार्या; प्रियतमा । ४. बालो । | १ | १९३ |
| ७७ | पालो | मूल शब्द | ना | १ खेप ; पटक । २. कम ; सिलसिला । ३. क्रमले वा नियमले कुनै काम गर्ने अधिकार वा दायित्वको पटका ४. मौका; अवसर; पाला (उदा . कहिले सासुको पालो कहिले बुहारीको पालो- उखान) | | १९३ |
| ७८ | चार | चर्+घञ् (अ) | ना | गणना क्रममा तीनपछिको सङ्ख्या; ४ को अङ्क । वि. तीनपछिका सङ्ख्याको । | | १९३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७९ | झुप्रो | मूल शब्द | ना | पराले वा स्याउले छानो भएको सानो घर; झुपडी ; छाप्रो । | | १९३ |
| ८० | पटक | मूल शब्द | क्रिवि | चोटि; पल्ट ; बाजि । ना एक समय । | १ | १९३ |
| ८१ | खाद्यान्न | मूल शब्द | ना | धान; मकै; गहुँ आदि खाइने अन्न । | | १९३ |
| ८२ | राम्रो | मूल शब्द | वि | १. देख्ता मन पर्ने ; सुन्दर; रमणीय । २. गुण, हित आदिका दृष्टिले उम्दा; असल; बेस । ३. सुहाउँदो; उपयुक्त; उचित । | | |
| ८३ | ओठ | मूल शब्द | ना | ना. दाँतमुख ढाक्ने अङ्ग ; थुतुनो । | | |
| ८४ | अनिकाल | मूल शब्द | ना | १. अन्नपातको ठुलो अभाव । २. त्यस्तो अभाव भएको समय; दुर्भिक्ष । ३. ज्यादै अभाव भएको अवस्था ( उदा. आजभोलि मलाई पैसाको अनिकाल परेको छ )। | | १९४ |
| ८५ | सम्पन्न | मूल शब्द | वि | १. चाहिँदो मात्रामा धन आदि भएको; भरिभराउ; समुन्द्र ( उदा.धनसम्पन्न विद्यासम्पन्न, प्रतिष्ठासम्पन्न ) । २. सहित; युक्त । ३. पूर्ण ; समाप्त (उदा समारोह सम्पन्न भयो) । | १ | १९४ |

कथाकार परशु प्रधानद्वारा लिखित डल्ले खोला कथामा तत्सम, तत्भव र आगन्तुक गरि जम्मा ९५१ ओटा शब्दहरु रहेको पाइन्छ । जसमध्ये ८५ ओटा तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले ८.९३% तत्सम शब्दको प्रयोग कथामा गरिएको छ । २२ ओटा तत्सम शब्द मध्ये सबैभन्दा धेरै वर्ष शब्द ५ पटक आवृति भएको देखिन्छ भने घोषणा। उत्साह, देश, व्यस्त आदि जस्ता १४ शब्दहरु १ पटक मात्र प्रयोग भएको पाइन्छ ।

**छलफल र व्याख्या**

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द विभिन्न कथामा विभिन्न किसिमका तत्सम शब्दको प्रयोग, प्रसङ्ग अनुसार सान्दर्भिक र उचित भएको पाइयो । ती कथाहरुमा तत्सम शब्दको प्रयोगको अवस्था उचित रहेको पाइन्छ ।

उक्त पाठ्यपुस्तकमा रहेका ४ ओटा कथाहरु मध्ये पहिलो साकार सपना कथामा जम्मा १०४४ शब्दको प्रयोग गरिएकोमा ३७ ओटा ३.५४ प्रतिशत तत्सम शब्दको प्रयोग

भएको पाइन्छ । तत्सम शब्दहरु विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरुप प्रयोगात्मक रुपमा रहेको पाइन्छ ।

अमरपुत्र कथामा जम्मा १३४१ ओटा शब्दको प्रयोग गरिएकोमा ८१ ओटा ६.०४ प्रतिशत तत्सम शब्दको प्रयोग भएको अध्ययन गर्दा अन्य शब्दस्रोतको तुलनामा तत्सम शब्दको प्रयोग बढि हुनुको कारण कथाकारको यथार्थबादी धारणा, मानसिक तनाव, सामाजिक वातावरण, सामाजिक यथार्थ, हृदयमा भएका पिर, चिन्ता र तापको प्रस्तुति र पात्र अनुकुल भाषाको प्रयोग भएको पाइन्छ । कथामा विद्यार्थीको रुचि क्षमता, स्तर अनुकूल तत्सम शब्दको प्रयोग भएको पाइन्छ ।

'एकजोर जुत्ता' कथामा जम्मा १२८७ ओटा शब्दको प्रयोग गरिएकोमा ४६ ओटा २.४३ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । सामाजिक यथार्थवादी कथाकार शाहको भाषिक र पारिवारिक पृष्ठभूमीलाई हेर्दा र कथाको कथानक, परिवेश, पात्र आदि अध्ययन गर्दा तत्सम शब्दको प्रयोग उचित र विद्यार्थीको स्तर र तह अनुकुल रहेको पाइन्छ ।

'डल्ले खोला' कथामा जम्मा ९५१ ओटा शब्दको प्रयोग ८५ ओटा ८.९३ प्रतिशत तत्सम शब्दको प्रयोग भएको छ । कथाकार प्रधान भाषिक, पारिवारिक पृष्ठभूमी कथाको कथानक पात्र परिवेश आदिका आधारमा कक्षा आठको स्तर क्षमता अनुरुप कथामा तत्सम शब्दको प्रयोग कम भएता पनि औचित्यपूर्ण देखिन्छ ।

यसरी कक्षा आठको नेपाली भाषा पाठ्यपुष्तको कथा विधामा ४ ओटा कथाहरुमा जम्मा ४६२३ ओटा शब्दहरु प्रयोग भएकोमा २४९ ओटा २०.९४ प्रतिशत तत्सम शब्द प्रयोग भएको पाइन्छ । ती कथाहरुको अध्ययन गर्दा सबैभन्दा बढी तत्सम शब्द 'अमर पुत्र' कथामा प्रयोग भएको पाइयो भने सबै भनदा कम 'साकार सपना' कथामा भएको पाइनछ । उक्त कथाहरु कक्षा आठको लागि आवश्यकता अनुरुप स्तरयुक्त रुचि र चाहना अनुरुप रहेको भएता पनि तत्सम शब्दको दृष्टिले हेर्दा भने प्राय? कथाहरु कमजोर नै देखिन्छन् । कथाकारको भाषिक पृष्ठभूमीलेखन प्रवृति, कथानक, पात्र, परिवेश आदि जस्ता कुराहरुले गर्दा प्रस्तुत कथाहरुमा तत्सम शब्दको प्रयोगको अवस्था अलिक कमजोर भएको पाइन्छ । कक्षा आठका विद्यार्थीको लागि तत्सम शब्दको मात्रा अलिक बढी भएका कथाहरु समावेश गरेमा तत्सम शब्दका माध्यमबाट नेपाली भाषाको अध्ययनमा सहज गराउन सकिन्छ ।

# अध्याय पाँच

## निष्कर्ष र सुझाव

### सारांश

प्रस्तुत अध्ययन कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएका पाठ्यपुस्तकमा तत्सम शब्दको अवस्था के-कस्तो छ , ती शब्दको बनोट व्यूत्पत्ति अर्थ र आवृतिको अवस्था कस्तो छ , भनने कुराको अध्ययन गर्न विभिन्न विधिहरुको प्रयोग गरिएको थियो । विभिन्न पुस्तकहरुको सहायताले सुक्ष्म अध्ययन गरी शब्दको व्युत्पति, वर्ग, आवृत्ति, पृष्ठसङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।

शोधपत्रमा कक्षा आठको नेपाली भाषा पाठयुपुस्तकको कथा विधामा प्रयुक्त ४ ओटा कथाहरुमा कुन कथामा कति मात्रामा तत्सम शब्द प्रयोग भएका छन् प्रतिशतमा समेत उल्लेख गरिएको छ । प्रत्येक शब्दको व्युत्पत्ति र अर्थ खुलाई शब्द वर्ग समेत खुलाइएको छ । पाठ्यपुस्तकमा भएका ४ ओटा कथाहरु साकार सपना, अमर पुत्र, एकजोर जुत्ता र डल्ले खोला कथा मध्ये सबै भन्दा बढी 'डल्ले खोला' कथामा र सबैभन्दा कम साकार सपना कथामा तत्सम, शब्दको प्रयोग भएको पाइयो भने बाँकी कथाहरुमा पनि उल्लेखनीय रुपमा भने तत्सम शब्द प्रयोग भएको पाइएन । कक्षा आठको पाठ्यपुस्तकमा कथाहरुलाई तत्सम शब्दको प्रयोगका आधारमा अध्ययन गर्दा स्तर अनुकूल शब्दको प्रयोग कम भएको पाइयो । तत्सम शब्दहरु नेपाली भाषाको स्रोत भएकाले यसको प्रयोग बढी भएका कथाहरु पाठ्यपुस्तकमा समावेश गरिनु देखिन्छ ।

### निष्कर्ष

संस्कृत भाषा नेपाली भाषाको जननी भाषा हो । नेपाली भाषा संस्कृत भाषबाट अपभ्रंश हुदै विकसित भएको हुनाले नेपाली भाषा साहित्यमा संस्कृत भाषाका तत्सम शब्दहरु धेरै रहेका छन् । नेपाली भाषा साहित्यमा आगन्तुक शब्दको प्रयोग बढ्दै गएता पनि यसमा संस्कृत भाषाबाट आएका तत्सम शब्दहरुको छुट्टै महत्व र स्थान रहेको छ । संस्कृतबाट रुप नफेरिकन जस्ताको तस्तै नेपाली भाषामा आएका तत्सम शब्दहरुको साहित्यमा महत्वपुर्ण स्थान रहेकोले यी शब्दको प्रयोग उल्लेखनीय हुनुपर्ने देखिन्छ ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक को कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन र विश्लेशणबाट प्राप्त निष्कर्ष अर्थात यो शोधकार्यको निष्कर्षलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- कथाकार गणेशप्रसाद भट्टराईद्वारा लिखित कथा 'साकार सपना' मा ३७ ओटा तत्सम शब्दहरु रहेकोमा १९ शब्द पुनरावृत्ति भएको पाइन्छ । जस अन्तर्गत मूल शब्दहरु २ ओटा छन् । भने व्युत्पन्न शब्दहरु ३५ वटा रहेका छन् ।
- कथाकार भीमनिधि तिवारीद्वारा लिखित कथा 'अमर पुत्र' मा जम्मा ८१ ओटा तत्सम शब्दहरुको प्रयोग भएको छ जस अन्तर्गत मूल शब्दहरू ५ ओटा रहेका छन् भने व्युत्पन्न शब्दहरु ७६ ओटा रहेका छन् ।
- कथाका महेशविक्रम साहद्वारा लिखित कथा 'एकजोर जुत्ता' मा जम्मा ४६ ओटा तत्सम शब्द रहेकोमा १४ शब्द पुनरावृत्ति भएको पाइन्छ जस अर्न्तगत मूल शब्दहरू ७ ओटा छन्, भने व्युत्पन्न शब्दहरू ३९ ओटा रहेका छन् ।
- कथाकार परशु प्रधानद्वारा लिखित कथा 'डल्ले खोला' मा जम्मा ८५ ओटा तत्सम शब्द रहेकोमा २७ शब्द पुरनरावृत्ति भएको पाइन्छ । जस अन्तर्गत मूल शब्दहरू ४० ओटा छन् भने व्युत्पन्न शब्दहरू ४५ ओटा रहेका छन् ।

**उपयोगिता /कार्यान्वयन**

कुनै पनि अध्ययन वा कार्यका पछाडि कुनै न कुनै सकारात्मक पक्षसँगै जोडिएर आउने गर्दछन् । यस अध्ययनले तत्सम तथा नेपाली भाषाको बारेमा अध्ययन गर्न चाहने संस्था वा व्यक्तिलाई कुनै न कुनै अवस्थामा फाइदा पुग्ने देखिन्छ त्यसैले यस अध्ययनका पनि केहि उपयोगिताहरु यहाँ उल्लेख गरिन्छ :

- यस शीर्षकसँग सम्बन्धित रहेर अध्ययन गर्ने भावी अध्ययनकर्तालाई सहयोग पुग्ने देखिन्छ ।
- कक्षा आठको पाठ्यक्रममा तत्सम शब्दको महत्व बुझाएर कम तत्सम शब्द प्रयोग भएका कथा राख्न निर्देशन दिने कुरामा सहयोग पुग्छ ।
- संस्कृत तथा नेपाली भाषाको अध्ययनमा शब्दको व्यूत्पित्त र अर्थ पहिल्याउन सहयोग पुग्छ ।

**नीतिगत तह**

नेपाली तथा संस्कृत भाषाका महत्व दर्शाउन यो अध्ययनले पाठ्यक्रमको नीतिनिमार्णको तहमा निम्नानुसार सहयोग गर्ने देखिन्छ :

१. भाषाको पाठ्यक्रम परिमार्जन गर्न,

२. पाठ्यक्रममा स्तर अनुकूल तत्सम शब्द भएका तथा समावेश गर्न,

३. तत्सम शब्द नेपाली भाषाको जननी भाषा भएकाले नेपाली भाषाको विकासमा तत्सम शब्द बढी भएका र तत्सम शब्दको आवृत्ति बढी भएका कथा पाठ्यक्रममा समावेश गर्न ।

**कार्यान्वयन तह**

तत्सम शब्दले नेपाली भाषाको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने भएकोले यो शोधपत्रले प्रयोग तहमा पनि सहयोग पुऱ्याउने देखिन्छ । यो शोधपत्रले बिएड तहमा प्रयोग भएका कथाहरुको अवस्थामा सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी मात्रामा भएका कथा छनोट गर्न र नेपाली भाषाको रुपमा तत्सम शब्दलाई महत्वपुर्ण मानी स्तर अनुसार पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी र आवृत्ति समेत बढी भएका कथा समावेश गरेर भाषाको बारेमा गहिरो अध्ययन गरिरहेका विद्यार्थी एवम प्राध्यापक वर्गलाई सहयोग पुग्ने देखिन्छ ।

**सुझाबहरु** :

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम तत्सम शब्दहरको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षको आधारमा निम्नलिखित सुझाबहरु प्रस्तुत गरिएको छ :

- कथा विद्यामा प्रयुक्क्त कथाहरुमा कुनै कथामा ज्यादै न्पून तत्सम शब्दको प्रयोग भएको पाइन्छ । तर सबै कथामा समान रुपमा तत्सम शब्द प्रयोग गरिएका कथाहरु समावेश गरिनु पर्दछ ।
- सबै कथाको अन्त्यमा अप्ठेरा र दुर्वोध्य शब्दको शब्दार्थ र व्युत्पति स्तम्भ राखिनु पर्ने देखिन्छ ।
- अप्ठ्यारा शब्दको आवृत्ति धेरै पटक भएमा विद्यार्थीलाई अध्ययनमा सहजता हुन्छ ।
- कक्षा आठको भाषा पाठ्यपुस्तकमा कथा छनौट गर्दा शब्द स्रोतको ख्याल गरि तत्सम, तद्भव र आगन्तुक सबै किसिमका शब्दको समानुपातिक मेल भएका कथा छनोट गर्नुपर्दछ ।
- तत्सम शब्दको आवृत्तिको अवस्था ज्यादै न्युन भएकाले शब्दको पुनरावृत्ति ज्यादा भएका कथा समावेश गर्नुपर्ने देखिन्छ ।

**भावी अनुसन्धानका लागि शीर्षकहरु :**

अनुसान्धान आफैमा गहन तथा विशिष्ट ज्ञान प्राप्तीको माध्यम हो । त्यसैले यसको क्षेत्र व्यापक रहेको छ । अनुसन्धान गहन अध्ययन र खोजपुर्ण तथ्यबाट मात्र सम्भव र व्यवहारिक हुने भएकोले यस शोध अध्ययनले समेट्न नसकेका थुप्रै चुनैतिहरु छन् । ती चुनैतिलाई भावी शोधकर्ताले अध्ययन अनुसन्धान गर्न सक्नेछन् । यस तहमा तत्सम शब्दमा केन्द्रित रहेर अनुसन्धान गर्दा गर्न सकिने केहि शिर्षकहरु यस प्रकार छन् :

- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको जीवनी विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको संवाद विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको प्रबनध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको मनोवाद विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको जीवनी विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्पुस्तकको दैनिकी विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त यात्रा वर्णन विधामा प्रयुक्त तत्सम यात्रा वर्णण विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको चिठी विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन ।